नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

# खानपान(क्याटरिङ) सेवा सञ्चालन गर्ने सम्बन्धी बोलपत्र प्रस्ताव

Contract Identification Number : NAVT/NCB/OS/083/084/01

संशोधन सहित जारी मितिः २०८३।०५।२६

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

विषय सूची


| | |
|---|---|
| खण्ड १ राष्ट्रिय स्तरको बोलपत्र आह्वानको सूचना नं | ३ |
| खण्ड २_बोलपत्रदातालाई निर्देशन | ५ |
| खण्ड ३_बोलपत्र तथ्याङ्क सम्बन्धी विवरण | १६ |
| खण्ड ४ | १९ |
| नमूना फारामहरू | १९ |
| बोलपत्रसाथ पेश गरिएका कागजातहरू | १९ |
| बोलपत्रदाताको जानकारी सम्बन्धी विवरण | २० |
| संयुक्त उपक्रम सम्बन्धी विवरण | २१ |
| बार्षिक सरदर कारोबार सम्बन्धी विवरण | २२ |
| सम्झौता फाराम | २३ |
| बोलपत्र स्वीकृत गर्ने आशयपत्र | २६ |
| बोलपत्र स्वीकृत पत्र | २७ |
| खण्ड ५सम्झौताका सामान्य शर्तहरू | २८ |
| खण्ड ६_सम्झौताका विशेष शर्तहरू | ३५ |
| खण्ड ७_नास्ता, खाना र खाजाको स्पेशिफिकेशन | ३७ |
| नास्ता खाना र खाजामा प्रयोग हुने केही सामाग्रीहरूको गुणस्तर | ४० |
| खण्ड ८नास्ता, खाना र खाजाको आवश्यकता सम्बन्धी विवरण | ४२ |
| नास्ता, खाना र खाजाको आवश्यकता सम्बन्धी तालिका | ४२ |
| खण्ड ९_बोलपत्र दाखिला विवरण तथा नास्ता, खाना र खाजाको परिमाण सहितको मूल्यसूचि | ४३ |
| बोलपत्र पेश गरेको निबेदन (क) | ४३ |
| नास्ता (ख), खाना र खाजाको परिमाण सहितको मूल्यसूची | ४४ |
| जमानत फारामहरु | ४५ |
| बोलपत्र जमानत(क) | ४५ |
| ढखकार्य सम्पादन वैंक जमानत ( | ४६१ |
| पेश्की भुक्तानीको लागि वैंक जमानत (ग) | ४७२ |

## खण्ड १

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान,भैंसेपाटी, ललितपुर

**राष्ट्रियस्तरको बोलपत्र आह्वानको संशोधित सूचना नं:NAVT/NCB/OS/083/084/01**

सूचना प्रकाशित मिति २०८३।०५।२६ गते ।

यस प्रतिष्ठानबाट संचालन हुने इपिएस प्रणाली अन्तरगत कोरिया जाने कामदारहरुका लागि सन्चालन हने अभिमुखीकरण कार्यक्रममा सहभागीहरुलाइ क्याटरिङ्ग सेवा मार्फत नास्ता, खाना र खाजाको ब्यवस्था गर्न क्याटरिङ्ग सेवा सन्चालनका लागि इच्छुक होटल, रेष्टुरेण्ट तथा क्याटरिङ सेवा सन्चालनका लागि इच्छुक फर्म वा कम्पनीहरुलाई यस प्रतिष्ठानबाट बोलपत्र कागजात (हार्डकपी) खरिद गरी निम्न अनुसार हुने गरी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं | बोलपत्र कागजात दस्तुर रू. | बोलपत्र जमानत रकम रू. | बोलपत्रको मान्य अवधि | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | NAVT/NCB/C/083/084/01 | ५,००० | ६,६५,००० | ९० दिन | २०८३।०६।१६ गते दिनको १२.०० बजे | २०८३।०६।१६ गते दिनको १३.०० बजे |

१. इच्छुक बोलपत्र दाताहरुले बोलपत्र दस्तुरको रकम तोकिएको बैंक खातामा जम्मा गरी सोको सक्कल बैंक भौचर साथ राखी यस प्रतिष्ठानबाट स्वीकृत बोलपत्र कागजात Website बाट download गरी तोकिएको ढाँचामा पूर्ण रुपमा खाममा राखी सिलबन्दी गरी प्रतिष्ठानमा उपस्थित भई पेश गर्नु पर्नेछ।

२. बोलपत्र सम्बन्धी कागजातको दस्तुर फिर्ता नहुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नेपाल बैंक लि. ललितपुरस्थित राजश्व खाता नं. ००१०१०००००००१००१००१, यस प्रतिष्ठानको कोड नं. ३७१०३३४०१ को राजश्व शिर्षक नं. १४२२९ मा नगदै जम्मा गरेको भौचर संलग्न हुनुपर्नेछ ।

३. बोलपत्रसाथ कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नेपाल बैंक लि. ललितपुरस्थित धरौटी खाता नं. ०१८०१०००००२००३००००१ मा यस प्रतिष्ठानको कोड नं. ३७१०३३४०१ मा तोकिएको बोलपत्र जमानत रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस प्रतिष्ठानको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ ।सोको मान्य अवधी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा कम्तिमा १२० दिनको हुनु पर्नेछ।

४. बोलपत्रदाताले पेश गर्नुपर्ने कागजातहरु मिति २०८३।०६।१६ गते १२.०० बजे भित्र यस प्रतिष्ठानमा कार्यालय समयभित्र उपस्थित भई पेश गर्नु पर्नेछ र पेश भएका बोलपत्रहरु सोही दिनको १३.०० बजे यस प्रतिष्ठानमा खोलिने छ ।

५. बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्य प्रतिष्ठान खुलेको पहिलो दिनको सोही समयमा गरिनेछ ।

७. बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजातहरुमा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु पुरै पेश नगरी आंशिक मात्रै पेश गरेको पाईएमा उक्त बोलपत्र अयोग्य भएको मानिनेछ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्रदाताहरुको बोलपत्र दर्ता भएको नदेखिएमा, पेश भएको कागजात स्पष्ट सँग नबुझिएमा यस प्रतिष्ठान जवाफदेही हुने छैन ।

८. बोलपत्रहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानलाई रहने छ ।

९. बोलपत्रदाताले पेश गरेको बोलपत्र सो बोलपत्र पेश गर्ने अन्तिम समय भित्र फिर्ता लिन वा संशोधन गर्न सक्नेछन् । बोलपत्र फिर्ता लिएमा बोलपत्र पुनः पेश गर्न सकिने छैन ।

१०. यस खरिद सम्बन्धी सूचना तथा बोलपत्र सम्बन्धी कागजात यस राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान ललितपुर **Website: www.navt .gov.np** बाट Download गर्न सकिनेछ ।

११. अन्य कुनै कुरा बुझ्नु परेमा यस प्रतिष्ठानको फोन नं. ०१-५५९०८०१ मा सम्पर्क गरी बुझ्न सकिने छ ।

१२. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

# खण्ड २

## बोलपत्रदातालाई निर्देशन

## (Instruction to Bidder)

| | |
|---|---|
| १. खरिद गरिने विषयको क्षेत्र | १.१ यस बोलपत्र सम्बन्धी कागजातमा संलग्न Specification र परिमाणको सूची अनुसारको क्याटरीङ्ग सेवा सन्चालर्न कार्य गराउनु परेकोले यो बोलपत्र आह्वान गरिएको छ । सफल बोलपत्रदाताले *बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा* उल्लेख भए बमोजिम क्याटरीङ्ग सेवा सन्चालन गर्ने तथा त्यससँग सम्बद्ध सेवा प्रदान गर्नु पर्नेछ । |
| २. लागू हुने अवस्था | २.१ खरिद सम्झौताका अन्य भागमा उल्लेख गरिएका कुराहरुले कुनै परिवर्तन गरेको अवस्थामा बाहेक खरिद सम्झौताको सामान्य शर्तमा उल्लेख भएका कुराहरु लागू हुनेछन् । |
| ३. खरिद सम्झौताको प्रयोग | ३.१ आपूर्तिकर्तालि खरिद सम्झौता सम्बन्धी विषयका कुनै कुरा,त्यसमा रहेका कुनै प्रावधान, मालसामानको Specification आदिका सम्बन्धमा यस प्रतिष्ठानको पूर्व लिखित स्वीकृति वेगर आपूर्तिकर्ताको तर्फबाट यसै काममा संलग्नहुने व्यक्ति बाहेक अरु कसैलाइ जानकारी दिनु हुंदैन । |
| ४. बोलपत्रदाताको ग्राह्यता | ४.१ बोलपत्रको सूचना बमोजिम बोलपत्र पेश गर्न *बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा* उल्लेखित प्रमाण कागजातहरु पेश गर्ने सबै बोलपत्रदाताहरु कानून बमोजिम ग्राह्य भएको मानिनेछ । |
| ५. बोलपत्रदाताको योग्यता | ५.१ क्याटरीङ्ग सेवा सन्चालनको कारवाहीमा समावेश हुने बोलपत्रदाताले खरिद सम्झौता प्राप्त गरेमा सफलता पूर्वक सम्झौता कार्यान्वयन गर्न सक्षमता रहेको प्रमाणित गर्न *बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा* उल्लेखित प्रमाण कागजातहरु पेश गर्नु पर्नेछ । |
| | ५.२ बोलपत्रदातालाई निर्देशन सम्बन्धी विवरणमा उल्लेख भएको कार्य विगत ३ वर्ष देखि सन्चालन गरेको प्रमाणित कागजात पेश गर्नुपर्ने छ । |
| | ५.३ बोलपत्रदाताले पेश गरेको योग्यता सम्बन्धी विवरण तथ्यगत रुपमा झुठा वा सारभुत रुपमा अपुरो भएको पाइएमा सार्वजनिक निकायले कुनै पनि समयमा त्यस्तो बोलपत्रदातालाई अयोग्य ठहराउन सक्नेछ । |
| ६. एउटा बोलपत्रदाताले एउटा मात्र बोलपत्र पेश गर्न पाउने | ६.१ एक बोलपत्रदाताले व्यक्तिगत रुपमा वा संयुक्त उपक्रमको साझेदारको रुपमा एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ । एक बोलपत्रदाताले एक भन्दा बढी बोलपत्र पेश गरेमा सो वोलपत्रदाता सहभागी भएको सवै वोलपत्र रद्द हुनेछन् । |
| ७. बोलपत्र सम्बन्धी कागजातका विषयहरू | ७.१ बोलपत्र सम्बन्धी कागजातमा देहायमा उल्लेखित कागजातहरु रहने छन्:<br>(क) वोलपत्र आह्वानको सूचना<br>(ख) बोलपत्रदातालाई निर्देशन<br>(ग) वोलपत्र तथ्यांक सम्बन्धी विवरण |

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
मैसेपाटी, ललितपुर

| | |
|---|---|
| | (घ) फारामका नमूनाहरुः बोलपत्र पेश गरेको निबेदन फाराम र खरिद सम्झौताको फाराम<br>(ङ) खरिद सम्झौताका साधारण शर्तहरु<br>(च) खरिद सम्झौताको विशेष शर्तहरु<br>(छ) आपूर्ति तालिका<br>(ज) प्राविधिक विवरण (Technical Specification)<br>(झ) मूल्य परिमाण सूची(BOQ)<br>(ञ) बैंक जमानत फारामका नमूनाहरुः बोलपत्र जमानत,कार्य सम्पादन जमानत तथा पेश्की भुक्तानीको लागि जमानत |
| ८. बोलपत्रको भाषा | ८.१ बोलपत्र सम्बन्धी कागजको तथा बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातहरु नेपाली भाषामा हुनेछ। |
| ९. बोलपत्रको मुद्रा | ९.१ बोलपत्रको मुद्रा नेपाली रुपैया हुनेछ र खरिद सम्झौता बमोजिमको भुक्तानी समेत नेपाली रुपैयामा गरिनेछ । |
| १०. बोलपत्र सम्बन्धी कागजातमा कुनै दुविधा भएमा स्पष्ट गर्न अनुरोध गर्न सकिने | १०.१ बोलपत्रदातालाई बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित कुनै कुरामा द्विविधा वा जिज्ञासा भएमा यस प्रतिष्ठानलाई स्पष्ट गरी दिन *बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा* उल्लेख भएको समयावधि भित्र सोही विवरणमा उल्लेख भएको ठेगानामा लिखित रुपमा अनुरोध गर्न सक्नेछन् । |
| | १०.२ यस प्रतिष्ठानबाट त्यस्तो अनुरोधको स्रोत उल्लेख नगरी बोलपत्र पेश गर्ने अन्तिम म्याद समाप्त हुनु अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने सवै बोलपत्रदातालाई त्यसको जवाफ पठाईनेछ । |
| ११. बोलपत्र पेश गर्नु पूर्वको बैठक | ११.१ बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको अवस्थामा सोही विवरणमा उल्लेख भएको मिति,समय र स्थानमा बोलपत्र पेश गर्नु पूर्वको बैठक गर्न सकिने छ । |
| | ११.२ बोलपत्र पेश गर्नु पूर्वको बैठकमा बोलपत्रदाताले यस प्रतिष्ठान समक्ष बोलपत्र कागजातमा उल्लेख भएको खरिद कारबाही सम्बन्धी कुनै प्रश्न वा जिज्ञासा राख्न सक्नेछन् र यस प्रतिष्ठानले प्रश्नकर्ताहरुको श्रोत उल्लेख नगरी बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने सबै बोलपत्रदातालाई त्यस्तो प्रश्न वा जिज्ञासाको जवाफ त्यस्तो बैठक भएको पाँच दिनभित्र पठाउनेछ । |
| १२.बोलपत्र सम्बन्धी कागजातमा संशोधन | १२.१ बोलपत्र सम्बन्धी कागजातमा आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ। |
| १३. गुणस्तरको निश्चितता तथा आपूर्ति | १३.१ प्राविधिक विवरण (Technical Specification) मा उल्लेख भए बमोजिम गुणस्तरीय बिहान नास्ता, दिउसो खाना र अपरान्ह खाजा आपूर्ति गर्नु पर्नेछ । |
| | १३.२ बोलपत्रदातालाई निर्देशन सम्बन्धी विवरणमा उल्लेख भएको नास्ता, खाना र खाजाका आइटमहरु गुणस्तरीय हुनुपर्ने छ । |

नेपाल सरकार
युवा, श्रम तथा रोजगार
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

| | |
|---|---|
| | १३.३ यस प्रतिष्ठानलाई कुनै अतिरिक्त खर्च वेगर प्रस्तावित खरिदका लागि निर्धारित Specification बमोजिमको क्याटरीङ्ग सेवा सन्चालन मा प्रयोग भएका सामाग्री गुणस्तरिय हो भन्ने निश्चित गर्न निरीक्षण,परीक्षण गर्न पाउने अधिकार हुनेछ । यस प्रतिष्ठानले गर्न चाहेको निरीक्षण,परीक्षण र त्यस्तो निरीक्षण,परीक्षण गरिने स्थानका सम्बन्धमा यस प्रतिष्ठानले सम्झौताका विशेष शर्तमा खुलाउनेछ । निरीक्षण, परीक्षण प्रयोजनका लागि यस प्रतिष्ठानले आफ्नो तर्फबाट प्रतिनिधि तोकेको भए समयमै यसको लिखित जानकारी आपूर्तिकर्तालाई दिनेछ । |
| | १३.४ निरीक्षण, परीक्षण गरिएको कुनै सामाग्री Specification बमोजिमको रहेको छ भन्ने कुरा सुनिश्चित नभएमा यस प्रतिष्ठानले यस्तो सामाग्री अस्वीकार गर्नेछ र आपूर्तिकर्ताले यसको सट्टा Specification बमोजिम हुने गरी त्यस्तो सामाग्री प्रतिस्थापन गर्नु पर्नेछ। |
| | १३.५ यस दफा अन्तर्गत भएको व्यवस्थालाई सामाग्रीको कुनै Warranty वा सम्झौता अन्तर्गतको अन्य कुनै दायित्वका कारणबाट निरीक्षण, परीक्षण गर्ने, सामाग्री अस्वीकृत गर्ने सम्बन्धमा आपूर्तिकर्ताले छुटकारा पाउने छैन । |
| | १३.६ बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको आइटमको तोकिएको गुणस्तर परिमाणमा आइटम साइज प्याकिङ्ग गरी लाहाछाप लगाई नाम लेखी नमूना पेश गर्नुपर्ने छ । नमूना पेश नगरेको अवस्थामा खरिदकर्ताले दिएको नमूना बमोजिमको सामान आपूर्ति गर्न मंजुर भएको मानिनेछ । |
| १४. कवोल मूल्य | १४.१ बोलपत्रदाताले खरिद सम्झौता अन्तर्गत आपूर्ति गरिने सामाग्रीको मूल्य परिमाण सूचीमा उल्लेख भएका सबै आईटमको प्रति इकाई मूल्य र कुल मूल्य उल्लेख गर्नुपर्नेछ, कुनै आइटमको दर उल्लेख नभएमा सो आइटमको दर अन्य आईटमको दरमा समावेश भएको मानिनेछ र यस प्रतिष्ठानले त्यस्तो आईटमको भुक्तानी गर्ने छैन। |
| | १४.२ कबोल मूल्यमा खरिद सम्झौता बमोजिम बोलपत्रदाताले तिर्नुपर्ने (मू.अ.कर बाहेक) कर, शुल्क लगायत अन्य शुल्कहरु समेत समावेश रहेको मानिनेछ । |
| | १४.३ बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको मूल्य अपरिवर्तनिय रहनेछ । मूल्य परिवर्तन नहुने कुरा सम्झौता बमोजिमको काम सम्पन्न नहुन्जेल सम्मको अवधिका लागि लागू हुनेछ र यस अवधिमा हुने कुनै मूल्य परिवर्तनलाई मानिने छैन । |
| १५. बोलपत्रको मान्य अवधि | १५.१ वोलपत्रको मान्य अवधि(बोलपत्रमा उल्लेखित मूल्यदरहरु)बोलपत्र खोलिएको मिति देखि गणना हुने गरी बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको अवधिसम्म मान्य रहनेछ। |
| १६. बोलपत्र जमानत | १६.१ वोलपत्रदाताले बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको रकम र मान्य अवधिमा नघटने गरी बोलपत्र जमानत वोलपत्रसाथ पेश गर्नु पर्नेछ । बोलपत्रदाताले बोलपत्र जमानत पेश गर्दा नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैंकवाट जारी गरिएको बैंक ग्यारेण्टी वा यस प्रतिष्ठानले बोलपत्र तथ्याङ्क सम्बन्धी |

| | |
|---|---|
| | विवरणमा उल्लेखित बैंकको धरौटी खातामा रकम जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ । |
| | १६.२ बोलपत्र जमानत देहायको अवस्थामा जफत हुनेछः<br>(क) बोलपत्र पेश गर्ने अन्तिम मिति र समय पछि बोलपत्र मान्य हुने अवधि भित्र बोलपत्रदाताले बोलपत्र संशोधन गर्न वा फिर्ता गर्न माग गरेमा,<br>(ख) बोलपत्रमा देखिएको अंकगणितीय त्रुटी सच्याइएको कुरा बोलपत्रदाताले स्वीकार नगरेमा,<br>(ग) छनौट भएको बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्त बमोजिम खरिद सम्झौता नगरेमा,<br>(घ) बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित कार्यसम्पादन जमानत बोलपत्रदाताले खरिद सम्झौता गर्ने म्याद भित्र दिन नसकेमा,<br>(ङ) बोलपत्र परीक्षणको सिलसिलामा यस प्रतिष्ठानले माग गरेको कुनै जानकारी दिंदा बोलपत्रदाताले बोलपत्रको मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा,<br>(च) प्रचलित कानून बमोजिम बोलपत्रदाताले आचरण विपरित काम गरी कालो सूचीमा राखिएमा ।<br>(छ) बोलपत्रदाताले,बोलपत्रदातालाई निर्देशनको दफा २४.२ बमोजिम जानकारी दिंदा बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गरेमा निजको बोलपत्र रद्द गरी जमानत रकम जफत गरिनेछ । |
| १७. संयुक्त उपक्रम | १७.१ खरिद सम्झौताको शर्तहरु अनुसार सम्झौता कार्यान्वयन गर्न बोलपत्रदाताहरुले एक संयुक्त उपक्रम (Joint Venture) बनाई बोलपत्र पेश गर्न सक्नेछन् । संयुक्त उपक्रम बनाई बोलपत्र पेश भएमा संयुक्त उपक्रमका सबै साझेदारहरु व्यक्तिगतरुपमा तथा समुहगतरुपमा जवाफदेही हुनेछन् । |
| | १७.२ बोलपत्र जमानत सयुक्त उपक्रमका सबै साझेदारहरुको नाममा हुनुपर्नेछ । |
| | १७.३ संयुक्त उपक्रमका साझेदारहरुको संख्या अधिकतम तीन हुनेछ । संयुक्त उपक्रमको मुख्य साझेदारको हिस्सा न्यूनतम ४० (चालिस) प्रतिशत तथा दुई साझेदारहरु प्रत्येकको हिस्सा न्यून्तम २५ (पच्चीस) प्रतिशत हुनु पर्नेछ |
| | १७.४ संयुक्त उपक्रमको रुपमा बोलपत्र पेश गरिने भएमा संयुक्त साझेदारीको तर्फबाट बोलपत्रमा हस्ताक्षर गर्न आधिकारीक रुपमा प्रमाणित गरिएको अख्तियारीनामा बोलपत्रसाथ संलग्न गर्नु पर्नेछ । |
| | १७.५ संयुक्त उपक्रमको रुपमा कार्य गर्ने सम्बन्धमा साझेदारहरु बिच भएको संयुक्त उपक्रम सम्बन्धी सम्झौता बोलपत्रसाथ संलग्न गर्नु पर्नेछ । |

| | |
|---|---|
| | १७.६ संयुक्त उपक्रमका सदस्यहरुबाट एक जना सदस्यलाई संयुक्त उपक्रमको तर्फबाट काम गर्न अख्तियारी दिनु पर्नेछ र निजले संयुक्त साझेदारीका सवै सदस्यहरुको तर्फबाट निर्देशन गर्ने तथा दायीत्व पूरा गर्ने सम्बन्धी काम तथा संयुक्त उपक्रमको नाममा भुक्तानी बुझेर लिने काम गर्नेछ । |
| १८. बोलपत्रमा हस्ताक्षर गर्नुपर्ने | १८.१ बोलपत्र नमेटिने मसिले लेखिएको वा टाइप गरिएको र आधिकारिक व्यक्तिबाट हस्ताक्षर भएको हुनुपर्नेछ । बोलपत्रमा लेखिएको कुनै दर सच्चाइएको,फेरबदल गरिएको वा थपिएको भएमा सो स्थानमा माथि उल्लेखित आधिकारिक हस्ताक्षरीबाट हस्ताक्षर गरिएको हुनुपर्नेछ । |
| | १८.२ बोलपत्रमा हस्ताक्षर गर्ने अधिकारपत्र बोलपत्रसाथ पेश गर्नु पर्नेछ । |
| १९. बोलपत्र सिलबन्दी गरी खाम बाहिर लेख्नु पर्ने कुरा | बोलपत्र सिलवन्दी गरी खाम बाहिर लेख्नु पर्ने कुरा (लागु नहुने) |
| २०. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेखित मिति र समय भित्र बोलपत्र Upload गरी सक्नु पर्नेछ। |
| २१. बोलपत्र फिर्ता वा संशोधन | २१.१ कुनै बोलपत्रदाताले पेश गरेको Online बोलपत्र सो बोलपत्र पेश गर्ने अन्तिम समय भित्र प्रणालीमा प्रविष्टी गरी Online फिर्ता लिन वा संशोधन गर्न सक्नेछन् । |
| | २१.२ बोलपत्रदाताले बोलपत्र पेश गर्दा,संशोधन गर्दा वा फिर्ता लिदा आधिकारिक प्रयोगकर्ताहरुले प्रणालीमा दर्ता हुदाका बखत प्राप्त भएको प्रयोगकर्ता नाम/पासवर्ड प्रयोग गरी गर्नु पर्नेछ । उपरोक्त कार्यको गर्नको लागी निजहरुको प्रयोगकर्ता नाम/पासवर्ड नै आधिकारीक मानिनेछ । बोलपत्रदाताका आधिकारीक प्रयोकर्ताहरुले आ–आफ्नो प्रयोगकर्ता नाम/पासवर्ड सुरक्षीत राख्नु पर्नेछ । उपरोक्त प्रयोगकर्ता नाम/पासवर्डको प्रयोग गरी प्रणालीमा गरिएका कार्यहरुको जिम्मेवारी सम्बन्धित बोपत्रदाताहरु र प्रयोगकर्ता नै हुनेछन् । |
| २२. म्याद भित्र पेश नभएको बोलपत्र | म्याद भित्र पेश नभएको बोलपत्र (लागू नहुने) |
| २३. बोलपत्र खोल्ने मिति, समय, स्थान र बोलपत्र खोल्ने प्रक्रिया | २३.१ बोलपत्र सम्बन्धी विवरणमा तोकिएको स्थान, मिति र समयमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको, रोहवरमा बोलपत्र खोलिने छ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । बिद्युतिय संचार माध्यमबाट मात्र बोलपत्र पेश गर्नु पर्ने भएकोले बोलपत्र सम्बन्धी बिवरणमा तोकिए अनुसार बिद्युतीय संचार माध्यमबाट पेश भएको बोलपत्र खोलिनेछ। |
| २४. बोलपत्रदातासँग आवश्यक जानकारी माग गर्न सकिने | २४.१ यस प्रतिष्ठानले बोलपत्रको परीक्षण वा मूल्याङ्कनको सिलसिलामा बोलपत्रदातासँग आवश्यक जानकारी माग गर्न सक्नेछ । |

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

| | |
|---|---|
| | २४.२ यस प्रतिष्ठानले माग गरेको जानकारी सम्बन्धित बोलपत्रदाताले यस प्रतिष्ठान समक्ष पेश गर्नु पर्नेछ र त्यसरी जानकारी दिंदा बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन । |
| २५. बोलपत्र मूल्यांकन प्रक्रिया गोप्य रहने | २५.१ सफल बोलपत्रदातालाई बोलपत्र स्वीकृत गर्ने आशयको सूचना नदिए सम्म बोलपत्रहरुको परीक्षण, मूल्याङ्कन र तुलना, बोलपत्रदातासंग माग भएको जानकारी तथा बोलपत्र स्वीकृतिको सिफारिस जस्ता प्रक्रियाहरु गोप्य राखिनेछ । |
| | २५.२ बोलपत्र खोलेको समय देखि बोलपत्र स्वीकृतीको सूचना नदिंदा सम्मको अवधिमा बोलपत्रका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले यस प्रतिष्ठानसँग सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्याङ्कनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गरेमा निजको बोलपत्र रद्द हुनेछ । |
| २६. बोलपत्रदाताको ग्राह्यताको परीक्षण | २६.१ बोलपत्रदाता बोलपत्र पेश गर्न कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्न बोलपत्रदातालाई निर्देशनको दफा नम्बर ४ मा उल्लेखित कागजातहरु पेश भए वा नभएको सम्बन्धमा बोलपत्र मूल्याङ्कन समितिले बोलपत्रदाताको ग्राह्यताको परीक्षण गर्नेछ । बोलपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजात पेश नगर्ने बोलपत्रदाताको बोलपत्र उपर अग्रिम कारबाही गरिने छैन । |
| | २६.२ उपदफा २६.१ मा जुनसुकै कुरा लेखिको भएता पनि बोलपत्र सम्बन्धी कागजात खरिद गर्दा कानूनी ग्राह्यता पुष्टि गर्ने कागजात पेश गरि सकेको भएमा त्यस्तो कागजातलाई मान्यता दिईनेछ । |
| | २६.३ खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भनी बोलपत्र पेश गरेको निबेदनमा गरेको स्वघोषणालाई लिखित रुपमा गरेको घोषणापत्र सरह मान्यता दिईनेछ । |
| २७. बोलपत्रको पूर्णताको परीक्षण | २७.१ ग्राह्यताको परीक्षण पछि बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको सम्बन्धमा देहाय बमोजिम बोलपत्र मूल्याङ्कन समितिले पूर्णताको परीक्षण गर्नेछः<br>(क) बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भए वा नभएको,<br>(ख) बोलपत्र साथ बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न भए वा नभएको,<br>(ग) बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनिधिलाई बोलपत्रमा हस्ताक्षर गर्न दिएको अख्तियारनामाको सक्कल कागजात पेश भए वा नभएको,<br>(घ) संयुक्त उपक्रम बनाई बोलपत्र पेश गरेको भए सो सम्वन्धी सम्झौता पेश भए वा नभएको, |

| | |
|---|---|
| | (ङ) बोलपत्रदाताको योग्यता सम्बन्धी आवश्यक कागजात पेश भए वा नभएको,<br>(च) यस प्रतिष्ठान वा यस प्रतिष्ठानले तोकेको अन्य निकायबाट बिक्री गरेको बोलपत्र पेश भए वा नभएको,<br>(छ) सम्बन्धित फर्म, संस्था वा कम्पनीले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश भए वा नभएको,<br>(ज) माग भए बमोजिमको बोलपत्र जमानतको मान्य अवधि भए, वा नभएको,<br>(झ) एक बोलपत्रदाताले व्यक्तिगत वा संयुक्त उपक्रममा भाग लिई एक मात्र बोलपत्र पेश भए वा नभएको,<br>(ञ) सारभूतरुपले असर गर्ने शर्त राखी बोलपत्र पेश भए वा नभएको,<br>(ट) यस प्रतिष्ठानले माग गरेको अन्य कागजात पेश भए वा नभएको । |
| २८. अंक गणितीय त्रुटी सच्याउन सकिने | २८.१ बोलपत्र परीक्षण गर्दा बोलपत्रमा कुनै अंक गणितीय त्रुटी पाइएमा यस प्रतिष्ठानले त्यस्तो त्रुटि सच्याउन सक्नेछ र त्यसरी त्रुटी सच्याउंदा इकाई दर र कूल रकममा भिन्नता भएमा इकाई दर मान्य हुनेछ र सोही दर बमोजिम कूल रकम सच्याईनेछ। |
| | २८.२ बोलपत्रमा उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ । यस प्रतिष्ठानले त्रुटि सच्याएकोमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई दिनेछ । |
| | २८.३ बोलपत्रमा देखिएको अंकगणितीय त्रुटी सच्याइएको कुरा बोलपत्रदाताले स्वीकार नगरेमा निजको बोलपत्र रद्द गरी जमानत जफत हुनेछ । |
| २९. बोलपत्रको मूल्यांकन तथा तुलना | २९.१ बोलपत्रको मूल्याङ्कन बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित सबै शर्तहरु तथा प्राबिधिक Specificationको सोही कागजातमा उल्लेखित आधार र तरिका अनुसार परीक्षण गरी सारभूतरुपमा प्रभावग्राही भए नभएको मूल्याङ्कन गर्नेछ । |
| | २९.२ बोलपत्रको मूल्याङ्कन गर्दा बोलपत्र अस्विकार गर्नु नपर्ने गरी Technical Specification, विवरण, विशेषता आदि जस्ता कुराहरुमा सानातिना फरक पाईएमा सम्भव भएसम्म सोको मूल्य निकाली बोलपत्रको मूल्याङ्कनको प्रयोजनको लागि मूल्यांकित रकम कायम गरी बोलपत्रको मूल्याङ्कन गरिनेछ । |
| | २९.३ बोलपत्रदाताले सन्तोषजनक रुपमा क्याटरीङ्ग सेवा सन्चालन गर्न नसक्ने गरी अस्वभाविक न्यून दर उल्लेख गरेको वा सामग्रीको Technical Specification गलत रुपमा बुझि वा नबुझि अस्वाभाविक न्यून कबोल अङ्क उल्लेख गरेको भएमा सम्बन्धित बोलपत्रदातासँग स्पष्टीकरण माग गर्न |

नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

| | |
|---|---|
| | सकिनेछ । लागत अनुमान भन्दा ३० प्रतिशत भन्दा घटी बोलकबोल गरेको अङ्कलाइ अस्वीकार्य कबोल अङ्क मानिने छ । |
| | २९.४ दफा २९.३ बमोजिम सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबरको थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सकिनेछ र स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सकिनेछ। |
| | २९.५ यस कार्यालयले बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सवै शर्तहरु पूरा गरेका प्रत्येक सारभूतरुपमा प्रभावग्राही बोलपत्रहरुको मूल्याङ्कित रकम अर्को बोलपत्रको मूल्याङ्कित रकमसंग तुलना गरी न्यूनतम अंक कबोल गर्ने बोलपत्र निर्धारण गर्नेछ । |
| ३०. बोलपत्र स्वीकृतिको लागि छनोट गरिने | ३०.१ दफा २९.५ बमोजिम औषतम अंक कबोल गर्ने बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित योग्यता अनुरुप भए नभएको जांच गर्नु पर्नेछ । |
| | ३०.२ बोलपत्रदाताको योग्यता जाँच गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित योग्यता अनुरुप भएको पाईएमा त्यस्तो बोलपत्र औषत मूल्यांङ्कन विधिद्वारा एकिन भएको बोलपत्र सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिनेछ । औषत मूल्यांङ्कन विधिद्वारा गणना गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको अन्य कुनै खरिदको नमूना कागजातमा उल्लेख गरेको गणना विधिका आधारमा गरिनेछ। |
| | ३०.३ यसरी जांच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित मूल्याङ्कनका आधार अनुरुप भएको नपाइएमा निजको वोलपत्र मूल्याङ्कनवाट हटाइ क्रमशः अर्को न्यूनतम अंक कबोल गर्ने बोलपत्रदाताको योग्यताको जाँच सोही आधारमा न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको पहिचान गरिनेछ। |
| | ३०.४ बोलपत्र सम्बन्धी कागजात अनुरुप औषतम मूल्यांकित सारभूतरुपमा प्रभाबग्राही भएको बोलपत्रदाताको कबोल रकम लागत अनुमान भन्दा सारभूतरुपमा बढी नभएमा स्वीकृतिको लागि छनौट गरिनेछ । |
| ३१. बोलपत्र स्वीकृतिको आशयको सूचना दिने | ३१.१ बोलपत्र स्वीकृत गर्नु अघि यस प्रतिष्ठानले दफा ३०.४ बमोजिम छनौट भएको बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिई सो को लिखित जानकारी बोलपत्र पेश गर्ने अन्य सबै बोलपत्रदातालाई समेत दिनेछ । |
| | ३१.२ यस प्रतिष्ठानले खरिद कारबाई वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नुपर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने |

| | |
|---|---|
| | कारण खुलाई कुनै बोलपत्रदाताले त्यस्तो त्रुटी वा निर्णयको पुनरावलोकनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिएको सात दिन भित्र यस प्रतिष्ठानका कार्यालय प्रमुख समक्ष यस प्रतिष्ठानले कुन काम गरेको वा नगरेको कारणले त्यस्तो त्रुटी हुन गएको हो वा कर्तव्य पालना नभएको हो र त्यस्तो निर्णय कुन ऐन वा नियम वा निर्देशिकाको कुन प्राबधान विपरित छ भन्ने कुरा स्पष्टरुपमा खुलाई निबेदन दिन सक्नेछ । |
| | ३१.३ दफा ३१.२ बमोजिम यस प्रतिष्ठानका कार्यालय प्रमुख समक्ष निबेदन पर्न आएमा त्यस्तो निबेदन परेको मितिले ५ (पाँच) दिन भित्र यस प्रतिष्ठानले निर्णय गरी सोको जानकारी निबेदनकर्तालाई दिनेछ । |
| ३२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस प्रतिष्ठानको हुने | ३२.१ कुनै बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, खरिद कारबाही रद्द गर्ने वा करार प्रदान गर्नु अघि कुनै पनि समयमा सबै बोलपत्रहरु रद्द गर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा रहने छ ।यसरी बोलपत्र रद्द गरिएको भएमा रद्द गरिनुको कारण बोलपत्र पेश गर्ने सबै बोलपत्रदातालाई जानकारी दिईनेछ । |
| | ३२.२ खरिदकर्ताले बोलपत्र खोलेको मितिले दश करोड रुपैयाँ सम्म लागत अनुमान भएको बोलपत्र भए तीस दिन भित्र र दश करोड रुपैयाँ भन्दा बढीको लागत अनुमान भएको बोलपत्र भए पैंतालीस दिन भित्र बोलपत्र स्वीकृत गर्ने आशयको सूचना बोलपत्रदाताहरुलाई दिइने छ |
| ३३. बोलपत्र स्वीकृत गर्ने र सोको जानकारी दिने तथा सम्झौता गर्ने | ३३.१ पुनराबलोकनको लागि कुनै पनि बोलपत्रदाताले निबेदन नगरेमा छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई पन्ध्र दिन भित्र खरिद सम्झौता गर्नको लागि कार्य सम्पादन जमानत दाखिला गर्न सूचना दिईनेछ । |
| | ३३.२ बोलपत्र खोलिएको मितिले बोलपत्र मान्य रहने अवधि भित्र उपदफा ३३.१ बमोजिमको सूचना प्रदान गरिसक्नु पर्नेछ । |
| | ३३.३ कार्य सम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्र जमानत रकम जफत गरी सो भन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजसंग खरिद सम्झौता गरिनेछ । |
| | ३३.४ खरिद सम्झौता सम्पन्न भए पछि यस प्रतिष्ठानले बोलपत्र पेश गर्ने अन्य बोलपत्रदाताहरुलाई जानकारी पठाउनेछ र सो सूचना दिएको तीस दिन भित्र बोलपत्र अस्वीकृत भएको कुनै बोलपत्रदाताले निजको बोलपत्र अस्विकृत भएको कारणको जानकारी माग गरेमा निजलाई सो सम्बन्धमा जानकारी दिईनेछ । |

| | |
|---|---|
| ३४. कार्य सम्पादन जमानत | ३४.१ बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ (पन्ध्र) दिन भित्र सफल बोलपत्रदाताले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशत वा प्रतिष्ठानले तोकेको प्रतिशत (मू. अ. कर सहित) ले हुने रकमको कुनै वाणिज्य बैंकवाट जारी भई कम्तिमा तेह्र (१३) महिना मान्य अवधि भएको कार्य सम्पादन जमानत (Performance Security) यस प्रतिष्ठान समक्ष पेश गरी सम्झौता गरिसक्नु पर्नेछ ।<br>क) बोलपत्र स्वीकृत रकम स्वीकृत लागत अनुमान भन्दा पन्ध्र प्रतिशत सम्म कम भएमा पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटी भएमा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी प्रस्ताब गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम बोलपत्र स्वीकृत रकमको पाँच प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत वापतको रकम कायम हुनेछ।<br>ख) स्वीकृत बोलपत्र रकम स्वीकृत लागत अनुमान भन्दा १५ प्रतिशत कम भएमा कार्य सम्पादन जमानत रकम निम्न बमोजिम गणना हुनेछ।<br>कार्यसम्पादन जमानत =[(०.८५ x लागत अनुमान - कबोल रकम)x ०.५]+ कबोल रकमको ५ प्रतिशत<br>बोलपत्र स्वीकृत रकम र लागत अनुमान मूल्य अभिबृद्धि कर समाबेश गरिएको हुनु पर्नेछ । |
| | ३४.२ माथि उल्लेखित समयावधि भित्र कार्य सम्पादन जमानत पेश गरी बोलपत्रदाता सम्झौता गर्न उपस्थित नभएमा निजको बोलपत्र जमानत रकम जफत गरी सो भन्दा लगत्तै पछिको क्रमशः अर्को औषतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गरिने छ । |
| ३५. सम्झौता गर्दा परिमाणमा हेरफेर गर्न सकिने | ३५.१ खरिद सम्झौता प्रदान गर्ने समयमा क्याटरीङ्ग सेवा सन्चालन गर्दा कुनै आइटम वा सबै आइटममा शुरुमा आपूर्ति तालिकामा उल्लेख गरिएको परिमाणमा कुनै शर्त वा मूल्यमा परिवर्तन नगरी बोलपत्र तथ्याङ्क सम्बन्धी विवरण घटाउने, बढाउने अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहने छ । |
| | ३५.२ क्याटरीङ्ग सेवा सन्चालन करार अवधि भित्र सहभागीहरुको जतिसुकै सख्या थप/घट भएपनि कवोल दरमा नै क्याटरीङ्ग सेवा सन्चालन गरी सेवा उपलब्ध गराउनु पर्नेछ। |
| ३६. बोलपत्रदाताको आचरण | ३६.१ खरिद सम्झौताले निर्दिष्ट गरेका विषय, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका कुरा तथा सार्वजनिक खरिद कानूनको व्यवस्था बमोजिमको दायित्व निर्वाह गर्नु सन्चालकको जिम्मेवारी हुनेछ । |

| | |
|---|---|
| | ३६.२ बोलपत्रदाताले खरिद प्रकृयामा वा खरिद सम्झौताको कार्यान्वयनमा प्रभाव पार्ने मनसायले देहायका कार्य गर्नु वा गराउनु हुदैनः<br>(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित प्रलोभन दिन वा सो को प्रस्ताव गर्न,<br>(ख) तथ्य बंग्याई वा झुक्याई पेश गर्न,<br>(ग) भ्रष्टाचारजन्य वा जालसाजीपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन,<br>(घ) बोलपत्र सम्बन्धी काम कारबाहीमा कुनै किसिमले संलग्न हुने अन्य प्रतिस्पर्धी बोलपत्रदाताको सहभागितामा हस्तक्षेप गर्न,<br>(ङ) खरिद कारबाईमा संलग्न कुनै व्यक्तिको जीउ ज्यान वा सम्पत्ति नोक्सान गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने कार्य वा करकापजन्य कार्य गर्न,<br>(च) बोलपत्रदाताहरु बीच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने वा बोलपत्रको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उदेश्यले बोलपत्र पेश गर्नु भन्दा अघि वा पछि मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन,<br>(छ) बोलपत्र खोलेको समय देखि बोलपत्र स्वीकृतीको सूचना नदिंदा सम्मको अवधिमा बोलपत्रका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले यस प्रतिष्ठानसँग सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्याङ्कनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गर्न । |
| ३७. कालोसूचीमा राख्न सकिने | ३७.१ देहायको अबस्थामा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक देखि तीन वर्षसम्म कालो सूचिमा राख्न सक्नेछः-<br>(क) बोलपत्रदाताले निर्देशनको बुँदा ३६ बमोजिमको आचरण विपरित काम गरेको प्रमाणित भएमा,<br>(ख) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,<br>(ग) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा,<br>(घ) योग्यता ढांटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा। |
| | ३७.२ कालोसूचीमा राखिएको बोलपत्रदाताले कालो सूचीमा रहेको अवधिसम्म सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन सक्ने छैन। |

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

# खण्ड ३

## बोलपत्र तथ्याङ्क सम्बन्धी विवरण

| बोलपत्रदातालाई निर्देशन दफा | दफा नम्बर | विवरण |
|---|---|---|
| १. खरिद गरिने विषयको क्षेत्र | १.१ | बैदेशिक रोजगारीमा कोरिया जाने कामदारहरुलाई दिइने अभिमुखिकरण कार्यक्रममा सहभागी प्रशिक्षक प्रशिक्षार्थी एवं सो कार्यक्रममा सहभागी कर्मचारीहरुका लागि क्याटरिङ्ग सेवा सन्चालन गरी तोकिएको Specification अनुसारको प्रत्येक हप्ता ६ दिन बिहान नास्ता, दिउसो खाना र अपरान्ह खाजा आपूर्ति गर्ने । |
| २. बोलपत्रदाताको ग्राह्यता | २.१ | बोलपत्रदाताले बोलपत्र पेश गर्न कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्न देहायका कागजातहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ ।<br>क) नविकरण भएको फर्म/सँस्था/कम्पनी दर्ताको प्रमाणपत्र<br>ख) ब्यवसाय दर्ता प्रमाणपत्र,<br>ग) मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र,<br>घ) आ.ब.०८१।०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>ङ) बोलपत्रदाताले खरिद कारवाहीमा सहभागी हुन अयोग्य घोषित नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको र आफूले पेशागत वा व्यवसायिक कसूर सम्बन्धी कुनै सजाय नपाएको भनी लिखित रूपमा गरेको स्व:घोषणा पत्र ।<br>च) तोकिएको परिमाण बराबरको धरौटी वापतको बैक जमानत वा नगद दाखिला भौचर । |
| ३. बोलपत्रदाताको योग्यता | ३.१ | बोलपत्रदाता योग्य हुनका लागि अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु:स<br>१. पछिल्लो तीन(३) आ.ब.को कुल कारोवारमध्ये सम्बिन्धत सेवाको औसतमा कम्तीमा रू.१ करोड कारोबार गरेको हुनुपर्नेछ ।<br>२. कम्तिमा पछिल्लो १ वर्षभित्र क्याटरिङ्ग सेवा सन्चालन गरी सेवा आपूर्ति गर्दा प्रयोग भएको खाद्य सामग्रीको खाद्य विज्ञबाट अनुगमन एवं परिक्षण गरेको प्रमाणित हुने प्रमाण पेश गर्नु पर्नेछ। |

| | | |
|---|---|---|
| | | ३. बोलपत्रदाताले सरकारी निकाय वा सरकारी स्वामित्व प्राप्त सँस्थामा दैनिक ३०० जनालाई नेपाली तथा कोरियन खानाको क्याटिरङ सेवा उपलब्ध गराएको प्रमाण पेश गर्नुपर्नेछ ।<br>४. बोलपत्रदाताले फर्म वा कम्पनीको व्यवस्थापक वा सेफले मान्यता प्राप्त सँस्थाबाट कुकको तालिम प्राप्त गरी कोरियन खाना बनाउने कार्यमा कम्तिमा ३ बर्ष अनुभव प्राप्त गरेको प्रमाण पेश गर्नुपर्नेछ ।<br>माथि उल्लेखित प्रमाणहरु पेश नभएमा बोलपत्रको योग्यता पुगेको मानिने छैन । |
| | ३.२ | बोलपत्रदाता आफूले आपूर्ति गर्ने खाद्य सामाग्रीको औद्योगिक उत्पादनको प्रमाणपत्र पेश गर्न सक्नेछ । पेश नभएको अवस्थामा आपूर्ति भएको जुनसुकै खाद्य सामाग्रीको निरीक्षण र परीक्षण एवं गुणस्तरको जाँच सम्बन्धित निकायमा आपूर्तिकर्ताको खर्चमा गराउन सकिनेछ । |
| ४. बोलपत्रसम्बन्धी कागजातमा कुनै द्विविधा भएमा स्पष्ट गर्न अनुरोध गर्न सकिने | ४.१ | सम्भावित बोलपत्रदाताले बोलपत्र सम्बन्धमा द्विविधा भएमा देहायको ठेगानामा स्पष्ट गर्न बोलपत्र पेश गर्ने अन्तिम मिति भन्दा १० दिन पहिले लिखित रुपमा अनुरोध गर्न सक्नेछः।<br>सम्पर्क प्रतिष्ठानको पूरा नाम ठेगानाः राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैसेपाटि, ललितपुर । |
| ५. बोलपत्र पेश गर्नु पूर्वको बैठक | ५.१ | पूर्व बोलपत्र बैठक तपशिलको मिति, समय र स्थानमा गरिनेछः<br>मितिः२०८३-०६-०५, समयः दिनको २ बजे<br>स्थानः राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैसेपाटि, ललितपुर |
| ६. गुणस्तरको निश्चितता तथा आपूर्ति | ६.१ | आपूर्ति गर्नुपर्ने सामाग्रीहरु खण्ड ७ मा उल्लेख भए बमोजिम गुणस्तरिय हुनु पर्नेछ । |
| ७. बोलपत्रको मान्य अवधि | ७.१ | बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि ९० दिन हुनेछ । |
| ८. बोलपत्रको जमानत | ८.१ | बोलपत्रदाताले कुनै क बर्गको बाणिज्य बैंकबाट जारी भएको रु.६,६५,०००(रूपयाँ छ लाख पैसाठी हजार) को सक्कलै बोलपत्र जमानत (bid bond) वा नगद दखिला गरेको बैक भौचर पेश गर्नु पर्नेछ र सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा कम्तीमा १२० दिन हुनु पर्नेछ । |
| | | बोलपत्र जमानत वापतको रकम नगदमा जम्मा गर्न चाहेमा कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नेपाल बैक लि. ललितपुर स्थित |

| | | |
|---|---|---|
| | | धरौटी खाता ०१८०१०००००२००३००००१ मा यस प्रतिष्ठानको कोड नं.३७१०३३४०१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्रसाथ पेश गर्नुपर्ने छ । |
| ९. बोलपत्र सिलबन्दी गरी खाम बाहिर लेख्नु पर्ने कुरा | ९.१ | बोलपत्रदाताको नाम र ठेगाना |
| १०. बोलपत्र पेश गर्ने | १०.१ | बोलपत्र सम्बन्धी कागजातहरु सक्कलै वा प्रमाणित प्रतिलिपि मितिः २०८३।०६।१६ गते १२:०० बजे भित्र यस प्रतिष्ठानमा उपस्थित भई पेश गर्न सक्नेछ । |
| ११. बोलपत्र फिर्ता वा संशोधनको लागि सिलबन्दी निवेदन दिनुपर्ने अन्तिम मिति समय र स्थान | ११.१ | बोलपत्रदाताले पेश गरेको अनलाईन बोलपत्र सो बोलपत्र पेश गर्ने अन्तिम समय भित्र प्रणालीमा प्रविष्टी गरी अनलाईन फिर्ता लिन वा संशोधन गर्न सक्नेछ ।(बोलपत्र पेश गर्ने अन्तिम समय भित्र सोही माध्यमबाट बोलपत्र फिर्ता लिन वा संशोधन गर्न सक्नेछ । बोलपत्र फिर्ता लिएमा बोलपत्र पुनः पेश गर्न सकिने छैन) |
| १२. बोलपत्र खोल्ने मिति, समय र स्थान | १२.१ | मितिः २०८३।०६।१६ गते ।<br>समयः १३:०० बजे<br>स्थानः राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैसेपाटि, ललितपुर । |
| १३. सम्झौता प्रदान गर्दा परिमाणमा हेरफेर गर्न सकिने | १३.१ | आवश्यकता सम्बन्धी तालिकामा सामान्यतया उल्लेखित परिमाण प्रतिष्ठानबाट आबश्यकता अनुसार थपघट (घटी बढी) गर्न सकिने छ। |

# खण्ड ४

## नमूना फारामहरू

## बोलपत्रसाथ पेश गरिएका कागजातहरू

| क सं | विवरण | पेश गरे वा नगरेको उल्लेख गर्ने |
|---|---|---|
| क | नविकरण भएको फर्म, सँस्था वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि | |
| ख | व्यवसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि | |
| ग | मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि | |
| घ | आ.व.२०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि | |
| ङ | बोलपत्रदाताले खरिद कारवाहीमा सहभागी हुन अयोग्य घोषित नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको र आफूले पेशागत वा व्यवसायिक कसूर सम्बन्धी कुनै सजाय नपाएको भनी लिखित रूपमा गरेको स्व:घोषणा पत्र | |
| च | नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | |
| छ | बोलपत्रमा हस्ताक्षर गर्न अधिकारनामा | |
| ज | बोलपत्र जमानतको सक्कल प्रति | |
| झ | संयुक्त उपक्रम सम्बन्धी सम्झौताको सक्कल प्रति<br>(संयुक्त उपक्रम बनाई बोलपत्र पेश भएको भएमा) | |
| ञ | कोरियन खाना बनाउने कुक वा सेफको शैक्षिक योग्यता, तालिम र अनुभव पत्र | |
| ट | अन्य कुनै भए उल्लेख गर्ने | |

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

## बोलपत्रदाताको जानकारी सम्बन्धी विवरण

बोलपत्रदाताले बोलपत्रसाथ देहायको विवरण भरी पेश गर्नु पर्नेछ । संयुक्त उपक्रमबाट बोलपत्र पेश गर्ने भएमा यो विवरण फाराम संयुक्त उपक्रमका सबै साझेदारहरुको छट्टाछुट्टै भरी पेश गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| १ | बोलपत्रदाताको नामः | |
| २ | बोलपत्रदाताको ठेगानाः | |
| ३ | बोलपत्रदाताको टेलिफोन नम्बरः | |
| ४ | बोलपत्रदाताको मोबाईल नम्बरः | |
| ५ | बोलपत्रदाताको ईमेलः | |
| ६ | बोलपत्रदाताको फर्म दर्ता भएको जिल्लाः | |
| ७ | बोलपत्रदाताको फर्म दर्ता भएको बर्षः | |
| ८ | बोलपत्रदाताले बोलपत्रमा हस्ताक्षर गर्न अधिकार दिएको व्यक्तिको नाम ठेगानाः<br>टेलिफोन नम्बरः<br>मोवाईल नम्बरः<br>फ्याक्स नम्बरः | |

बोलपत्रदाताको हस्ताक्षर

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

## संयुक्त उपक्रम सम्बन्धी विवरण

बोलपत्रदाताले संयुक्त उपक्रमबाट बोलपत्र पेश गर्ने भएमा यो विवरण फाराम भरी पेश गर्नु पर्नेछ।

विवरण

| | | |
|---|---|---|
| मूख्य साझेदार | संयुक्त उपक्रमको मूख्य साझेदारको नामः— | |
| | दर्ता भएको ठाउँको नामःः— | |
| | मूख्य साझेदारका व्यवसाय दर्ता भएको स्थानः— | |
| | साझेदारीको प्रतिशतः— न्यूनतम ४० प्रतिशत | |
| साझेदार | संयुक्त उपक्रमको अन्य साझेदारको नामः— | |
| | दर्ता भएको ठाउँको नामःः— | |
| | अन्य साझेदारका व्यवसाय दर्ता भएको स्थानः— | |
| | साझेदारीको प्रतिशतः— न्यूनतम २५ प्रतिशत | |
| साझेदार | संयुक्त उपक्रमको अन्य साझेदारको नामः— | |
| | दर्ता भएको ठाउँको नामः— | |
| | अन्य साझेदारका व्यवसाय दर्ता भएको स्थानः—<br>साझेदारीको प्रतिशतः— न्यूनतम २५ प्रतिशत | |
| | वोलपत्रमा हस्ताक्षर गर्न अख्तियारनामा पाउने साझेदारको नामः— | |

बोलपत्रदाताको हस्ताक्षर

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

# बार्षिक सरदर कारोबार सम्बन्धी विवरण

कम्पनीको नाम ठेगानाः

भ्याट नंः

| सि. नं. | आर्थिक बर्ष | कारोबार गरेको कार्यालयको नाम र ठेगाना | कारोबार (रू.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

उल्लेख गरिएको कारोबार सम्बन्धी आर्थिक विवरण यसै साथ संलग्न छ ।

बोलपत्रदाताको हस्ताक्षर

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

## सम्झौता फाराम

विक्रम सम्वत् २०८३ साल .......... महिना ...... गतेका दिन ................. राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैसेपाटी, ललितपुर (जसलाई यस प्रतिष्ठान भनेर सम्बोधन गरिने छ) प्रथम पक्ष र ...........आपूर्तिकर्ताको नाम तथा ठेगाना (जसलाई सञ्चालक भनेर सम्बोधन गरिने छ) दोस्रो पक्ष राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, ललितपुरमा बैदेशिक रोजगारीगा कोरिया जाने कागदारहरुलाइ दिइने अगिगुखिकरण कार्यक्रगगा सहभागि प्रशिक्षक, प्रशिक्षार्थी एवं सो कार्यक्रममा सहभागी कर्मचारीहरुका लागि क्याटरिङ्ग सेवा सन्चालन गरी तोकिएको विवरणमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिमको आइटम र परिमाण कार्यक्रम सन्चालन भएको प्रत्येक दिन बिहान नास्ता, दिउसो खाना र अपरान्ह खाजा हप्तामा ६ दिन आपूर्ति गर्न मू.अ.कर सहितको प्रति ब्यक्ति प्रति दिन रु ................। (अंकमा) ................................................... (अक्षरमा) मा आपूर्ति गर्न सहमत भई यो खरिद सम्झौता गरिएको छ ।

यस पछि यो खरिद सम्झौतामा निम्न अनुसार हुनेछः

१.यस खरिद सम्झौतामा शब्द र अभिव्यक्तिको अर्थ यसपछि संकेत गरिएको करारका शर्तहरुमा निर्धारित गरे अनुसार हुनेछ ।

२. निम्नानुसारका कागजातहरुलाई यस सम्झौताको अभिन्न अंगको रुपमा लिइनेछः

क) आपूर्तिकर्तालि पेश गरेको बोलपत्र तथा राशनको परिमाण सहितको मूल्य सूची

ख) नास्ता, खाना र खाजा आपुर्ति तालिका,

ग) प्राविधिक विवरण (**Technical Specification**),

घ) सम्झौताका सामान्य तथा विशेष शर्तहरु,

ङ) यस प्रतिष्ठानले बोलपत्र स्विकृत गरेको जानकारी पत्र ।

३.यो सम्झौता मिति २०८३। । देखि । । सम्म कायम रहनेछ ।

४.प्रथम पक्षले बिहानको नास्ता दिउसो नेपाली तथा कोरियन खाना र अपरान्ह खाजा खुवाउदा सलग्न मेनु तथा मेनुको बिबरण अनुसार सफा, ताजा र स्वास्थ्य बर्द्धक खानेकुरा खुवाउनु पर्नेछ ।

५.परिकारहरु तयार पार्न यस प्रतिष्ठान परिसर भित्र रहेको भान्छा कोठा सफा राखी पाकेका वा तयार भएका परिकारहरु राख्न र परिकार बितरण सेवा दिन च्यानल गेट भएको टहरोको प्रयोग गर्न सकिनेछ ।

६.प्रत्येक दिनको खानेकुराको बिबरण प्रष्ट देखिने गरि क्याटरिङ्ग सेवा दिने स्थानको भित्तामा टासेको हुनुपर्नेछ । क्याटरिङ्ग सेवा उपलब्ध गराउने कामदारहरुको आचरण राम्रो हुनु पर्ने, शिष्ट भाषा प्रयोग गर्नु पर्ने र ब्यबहार सभ्य हुनु पर्नेछ ।

७.परिकारहरु तयार पार्न र खाना उपलब्ध गर्न आबश्यक भाडाकुडा तथा अन्य औजार सरसफाइ गर्ने पानी र पिउने पानी मिनरल वाटर को ब्यबस्था सेवा प्रदायक सस्थाले नै गर्नु पर्नेछ ।

८.दोश्रो पक्षलाई प्रत्येक दिनको कुपन सोहि दिनको कार्यालय समय भित्र प्रथम पक्षले उपलब्ध गराउनु पर्नेछ । बिहानको नास्ताको कुपन दिउसोको खाना भन्दा अगाडी दिउसोको खानाको कुपन अपरान्हको खाजा भन्दा अगाडी र अपरान्ह खाजाको कुपन कार्यालय समय भन्दा अगाडी नै दोश्रो पक्षलाइ उपलब्ध गराइ सक्नु पर्नेछ ।

९. प्रतिष्ठानले तोकेको स्थलमा एक दिनमा ...... जना सम्मलाई नास्ता, खाना र खाजाको ब्यबस्था गर्नुका साथै सोका लागि आबश्यक कुर्सी, पाल, टेबल, समियाना, खानेपानी तथा चीया खाने कागजको ग्लास लगायतको आबश्यक ब्यबस्था दोश्रो पक्षले नै गर्नु पर्नेछ । त्यसरी व्यवस्थापन गर्दा प्रयोग भएको पानी बिजुली इन्धनको व्यवस्था समेत दोश्रो पक्षले नै गर्नु पर्नेछ । प्रतिष्ठानले आपसी सहमतीमा आवश्यकता अनुसार संख्या थपघट समेत गर्न सक्नेछ ।

१०. नास्ता, खाना र खाजा खाने समय प्रथम पक्षले तोके बमोजिम हुनेछ । खानेपानी तथा चिया कागजको ग्लासमा उपलब्ध गराउनु पर्नेछ ।

११. क्याटरिङ्ग सेवा सन्चालन गर्दा कुनै दुर्घटना भइ धनजनको क्षति भएमा वा अंगभंग भएमा सोको जिम्मेवार दोश्रो पक्ष नै हुनुपर्नेछ ।

१२.सम्झौता गर्दा दोश्रो पक्षले पेश गरेको धरौटी वापतको रकम सम्झौता अबधीभर रहनेछ ।

१३. यस सम्झौतामा उल्लेखित शर्तहरुको पूर्ण पालना नभएमा सम्झौता भङ्ग गरी सो वापतको जमानत रकम जफत गरी यस प्रतिष्ठानले अर्को ब्यबस्था मिलाउन सक्नेछ ।

१४. प्रथम पक्षसँग गरेको सम्झौता बमोजिम दोस्रो पक्षले भुक्तानी पाउन खरिद सम्झौतामा भएको ब्यबस्था बमोजिम क्याटरीङ्ग सेवा सन्चालन गर्ने कार्य सम्पन्न गरी तथा कुनै त्रुटी भएमा सो कार्य समेत गरी प्रथम पक्षसंग भुक्तानी लिने कुरामा सहमत छ ।

१५. दोस्रो पक्षसँग गरेको सम्झौता बमोजिम प्रथम पक्षले खरिद सम्झौतामा भएको व्यबस्था बमोजिम क्याटरीङ्ग सेवा सन्चालन कार्य सम्पन्न गरी तथा कुनै त्रुटी भएमा सो कार्य समेत गरे पछि दोस्रो पक्षलाई सम्झौता रकम तथा त्यस्तो सम्झौतामा ब्यबस्था भएको अन्य कुनै थप रकम समेत सम्झौतामा उल्लेख भएको तरिका र समयमा प्रथम पक्षले दिने कुरामा सहमत छ ।

१६. ठेक्का अवधि सामन्यतया सम्झौता भएको मितिले एक (१) बर्षको हुनेछ । क्याटरीङ्ग सेवा सन्चालन कार्यको सम्झौताका शर्तहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि ठेक्का बन्दोबस्त नभएको अबस्थामा वा कुनै कारणले अर्को ठेक्का बन्दोबस्त भइ समयमा सम्झौता हुन नसकेमा वा इपिएस कोरिया जान छनौट भइ अभिमूखिकरण तालिममा सहभागी हुने संख्या ६६२० जनासम्म संख्या घटीबढी भएमा सोहि मूल्यमा नै अर्को ठेक्का बन्दोबस्त नभएसम्म क्याटरीङ्ग सेवा सन्चालन गरी सेवा आपूर्ति गर्नु पर्नेछ । सो अवस्था परेमा नियमानुसार म्याद थप हुनेछ ।

१७. खण्ड ९ को ख मा इ. पि. एस. प्रणाली मार्फत कोरिया जाने कामदारहरुले कोरियन भाषा उतिर्ण गरी शिप परिक्षण समेत उतिर्ण गरे पश्चात रोष्टरमा रहेका कामदारहरुको रोजगारदातासंग भएको सम्झौताका आधारमा मात्र अभिमुखिकरण कार्यक्रम सन्चालन गरिने भएकोले कार्यक्रममा सहभागि हुने प्रशिक्षार्थीहरुको संख्या एकिन गर्न नसकिने भएका कारण यस आ.व.को स्विकृत लक्ष्य बमोजिम ६६२० जना प्रशिक्षार्थिका साथै तालिममा संलग्न प्रशिक्षक र कर्मचारीहरु समेतको संख्यालाइ नास्ता, खाना र खाजाको आपूर्तिको व्यवस्था गर्नु पर्नेछ । सो बाहेक अन्य संख्या थपघट हुन गएको अवस्थामा जतिसुकै संख्या थपघट भए पनि सम्झौता मूल्यमा नै क्याटरीङ्ग सेवा सन्चालन गरी सेवा आपूर्ति गर्न दोश्रो पक्ष बाध्य हुनेछ ।

१८. आपूर्ति भएका नास्ता, खाना र खाजा सामग्रीको गुणस्तर परिक्षण गराउन सकिनेछ । गुणस्तर परिक्षण गराउदा नेपाल सरकारले तोकेको गुणस्तरको मापदण्ड पुरा भएको हुनुपर्ने छ । अधिकार प्राप्त सरकारी निकायबाट अनुगमन भएमा सहयोग गर्नु पर्ने दुवै पक्षको दायित्व हुनेछ ।

१९. पहिलो पक्षले उपलब्ध गराएको नास्ता खाजा खानामा गुणस्तरको अनुगमन गर्न वा गराउन सक्नेछ भने गुणस्तरका लागि दिइएको सुझाव दोस्रो पक्षले मानवीय स्वास्थ्यलाई सर्वोपरि ठानी तत्काल कार्यान्वयन गर्नुपर्नेछ ।

२०. उपलब्ध गराएको नास्ता खाना र खाजाको गुणस्तरहिनताको कारणले उपभोग गर्नेको स्वास्थ्यमा प्रतिकुल असर परेको भनी सम्बन्धित निकायबाट प्रमाणित भएमा सोकव क्षति पूर्ति दोश्रो पक्षले व्यहोर्नु पर्नेछ ।

२१. यसमा उल्लेख हुन नसकेका ब्यहोराका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

सन्चालकको तर्फबाट सहीछाप गर्ने

सहिछाप गर्नेको नाम :
फर्मसँगको सम्बन्ध :
फर्मको नाम :
ठेगाना:
फोन नं. :
फ्याक्स नं. :
(कम्पनीको छाप)

......................

(साक्षीको बिवरण)

प्रतिष्ठानको तर्फबाट सहीछाप गर्ने
सहिछाप गर्नेको नाम :
पद:
प्रतिष्ठानको नाम:
ठेगाना :
फोन नं.:
फ्याक्स नं.:
(प्रतिष्ठानको छाप)

......................

(साक्षीको बिवरण)

## बोलपत्र स्वीकृत गर्ने आशयपत्र

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

मितिः

पत्र संख्या स् २०८३।०८४

श्री ................................

.....................................

.......................

यस राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैंसेपाटी, ललितपुरमा बैदेशिक रोजगारीमा कोरिया जाने कामदारहरुलाइ दिइने अभिमुखिकरण कार्यक्रममा सहभागि प्रशिक्षक, प्रशिक्षार्थी एवं सो कार्यक्रममा सहभागी कर्मचारीहरुका लागि क्याटरिङ्ग सेवा सन्चालन गरी तोकिएको विवरण अनुसारको कार्यक्रम सन्चालन भएको प्रत्येक दिन बिहान नास्ता, दिउसो खाना र अपरान्ह खाजा आपूर्तिका लागि मिति २०८३। । गते '...............'दैनिक पत्रिकामा प्रकाशन भएको क्याटरिङ्ग सेवा सन्चालन सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना नं. NAVT/NCB/C/083/084/01 सम्बन्धमा त्यस फर्मले मिति ............... मा पेश गरेको बोलपत्र अनुसार त्यस फर्मको मूल्य अभिबृद्धि कर सहितको कुल कबोल अंक रु. ................. कायम भएको र बोलपत्र सम्बन्धी कागजातमा भएको व्यवस्था बमोजिम त्यस फर्मको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना गरेका छौं ।

बोधार्थः

श्री....... ........(सबै बोलपत्रदाताको नाम उल्लेख गर्ने)

श्री....... ...........

श्री....... ...........

(हस्ताक्षर)

पद

# बोलपत्र स्वीकृत पत्र

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

मितिः

पत्र संख्या २०८३।०८४

श्री ................................
......................................
.......................

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैंसेपाटी, ललितपुरमा बैदेशिक रोजगारीमा कोरिया जाने कामदारहरुलाइ दिइने अभिमुखिकरण कार्यक्रममा सहभागि प्रशिक्षक, प्रशिक्षार्थी एवं सो कार्यक्रममा सहभागी कर्मचारीहरुका लागि क्याटरिङ्ग सेवा सन्चालन गरी तोकिएको विवरण अनुसारको कार्यक्रम सन्चालन भएको प्रत्येक दिन बिहान नास्ता,दिउसो खाना र प्रत्येक दिन अपरान्ह खाजा आपूर्ति कार्यको लागि मिति २०८३। । । गते.......... दैनिक पत्रिकामा प्रकाशन भएको क्याटरिङ्ग सेवा सन्चालन सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना नं. NAVT/NCB/C/083/084/01 सम्बन्धमा त्यस फर्मले मिति .............. मा पेश गरेको बोलपत्र अनुसार मूल्य अभिवृद्धि कर सहितको कवोल रकम प्रति ब्यक्ती प्रति दिन रु. ................ को बोलपत्र स्विकृत भएको जानकारी गराउँदछौं । सम्झौता रकमको पाँच प्रतिशतले हुने रकम रु........................वापत रु................ समेत रु............................. को बाणिज्य बैंकले जारी भएको कम्तिमा ............ सम्म मान्य अवधि भएको कार्य सम्पादन जमानत पन्ध्र दिन भित्र यस प्रतिष्ठानमा पेश गरी सम्झौता गर्न आउनु होला । उपरोक्त बमोजिम कार्य सम्पादन जमानत पेश गरी सम्झौता नगर्नु भएमा तपाईले बोलपत्र साथ पेश गरेको बोलपत्र जमानत जफत गरिनेछ ।

......................
(हस्ताक्षर)
पदः

खण्ड ५

## सम्झौताका सामान्य शर्तहरू

| | |
|---|---|
| १. परिभाषा | यस सम्झौतामा उल्लेख भएका निम्न शब्दहरुको अर्थ निम्न उल्लेख भए बमोजिम हुनेछनः |
| | (क) "खरिद सम्झौता" भन्नाले यस प्रतिष्ठान र आपूर्तिकर्ता बीच भएको सम्झौता र सम्झौतामा उल्लेखित अन्य कागजपत्रहरुलाई सम्झनु पर्दछ । |
| | (ख) "सम्झौता रकम" भन्नाले सम्झौता अन्तरगतको सम्पूर्ण काम सम्पादन गरे वापत आपूर्तिकर्तालाई भुक्तानी दिइनु पर्ने मूल्य सम्झनुपर्दछ । |
| | (ग) " क्याटरिङ्ग सेवा सन्चालन " भन्नाले बैदेशिक रोजगारीमा कोरिया जाने कामदारहरुलाइ दिइने अभिमुखीकरण कार्यक्रममा सहभागि प्रशिक्षक, प्रशिक्षार्थी एवं सो कार्यक्रममा सहभागी कर्मचारीहरुका लागि क्याटरिङ्ग सेवा सन्चालन गरी तोकिएको विवरण अनुसारको कार्यक्रम सन्चालन भएका प्रत्येक दिन बिहान नास्ता, दिउसो खाना र अपरान्ह खाजा आपूर्ति गर्ने आवश्यकता सम्बन्धी तालिकामा उल्लेखित व्यहोरा सम्झनुपर्दछ । |
| | (घ) "खरिदकर्ता" भन्नाले खरिद सम्झौताको विशेष शर्तमा उल्लेख भएको कार्यक्रम सन्चालन भएको प्रत्येक दिन बिहान नास्ता, दिउसो खाना र प्रत्येक दिन अपरान्ह खाजा खरिद गर्ने सार्वजनिक निकाय सम्झनु पर्दछ । |
| | (ङ) "आपूर्तिकर्ता" भन्नाले यस सम्झौताको विशेष शर्तमा उल्लेख भएका क्याटरिङ सेवा सन्चालन गरी कार्यक्रम सन्चालन भएका प्रत्येक दिन बिहान नास्ता, दिउसो खान र अपरान्ह खाजा आपूर्ति गर्ने व्यक्ति÷फर्म÷संस्था÷ कम्पनी वा त्यस्तो व्यक्ति।फर्म।संस्था।कम्पनीको कानूनी रुपले भएको उत्तराधिकारीलाई सम्झनु पर्नेछ, तर यस प्रतिष्ठानको मन्जुरी विना कुनै प्रतिनिधि मान्य हुने छैन । |
| | (च) "स्पेशिफिकेशन (Specification): भन्नाले खरिद सम्झौता बमोजिम आपूर्ति हुने कार्यक्रम सन्चालन भएको प्रत्येक दिन बिहान नास्ता, दिउसो खान र अपरान्ह खाजा को प्राविधिक विवरण सम्झनु पर्दछ । |

| | |
|---|---|
| | (छ) मूल्य परिमाण सूचीः भन्नाले बोलपत्रको अंगको रुपमा रहेको मूल्य उल्लेख गरी तयार गरिएको कार्यक्रम सन्चालन भएका प्रत्येक दिन बिहान नास्ता, दिउसो खाना र अपरान्ह खाजाको आइटम सहितको परिमाण सूची सम्झनुपर्दछ । |
| | (ज) बोलपत्रः भन्नाले क्याटरिड सेवा सन्चालन गर्न्न समेत अनुमति प्राप्त ब्यवसायीले खरिद सम्झौतामा भएको ब्यबस्था बमोजिम क्याटरिड सेवा सन्चालन गरी कार्यक्रम सन्चालन भएका प्रत्येक दिन बिहान नास्ता, दिउसो खाना र अपरान्ह खाजा आपूर्ति गरी काम पूरा गर्न र कुनै त्रुटी भए सो त्रुटी समेतलाई खरिद सम्झौतामा भएको ब्यबस्था बमोजिम सुधार गर्न पेश गरेको दररेट सहितको प्रस्ताव भन्ने बुझिन्छ । |
| | (झ) **बोलपत्र स्वीकृती पत्रः** भन्नाले यस प्रतिष्ठानले बोलपत्र स्वीकृत गरी आपूर्तिकर्तालाई गराएको जानकारी सम्झनु पर्दछ । |
| | (ञ) **कार्यारम्भ मिति** (Commencement Date): भन्नाले सम्झौताको विशेष शर्तमा उल्लेख भएको मिति सम्झनु पर्दछ । |
| | (ट) **दिनः** भन्नाले क्यालेण्डर (पात्रो) मा भएको दिन सम्झनु पर्दछ । |
| | (ठ) **कार्य सम्पादन अवधि** :(Time for completion) भन्नाले कार्यारम्भ मिति देखी खरिद सम्झौताको बिशेष शर्तमा उल्लेखित कार्य सम्पन्न गर्न तोकिएको समयावधि वा सो अवधिमा थप भएको अवधि समेत सम्झनु पर्दछ । |
| | (ड) **एडजुडिकेशन** :(adjudication) भन्नाले यस प्रतिष्ठान तथा आपूर्तिकर्ता बीच उठेको विवाद उपर आपसि समझदारीबाट समाधान हुन नसकेमा विवाद समाधानको लागि अपनाउने प्रक्रियाहरु सम्झनु पर्दछ । |
| १.२ व्याख्या **(Interpretation)** | **व्यक्ति वा पक्ष** (Party): भन्नाले फर्म, संस्था वा कम्पनी सम्झनु पर्दछ । एक वचन वा कुनै एक लैङ्गिक शब्दले वहुवचन वा अर्को लैङ्गिक शब्दलाई समेत जनाउनेछ । |
| १.३ कागजातहरुको प्राथमिकत of **(Documents** | खरिद सम्झौतामा संलग्न कागजातहरु एक अर्कामा स्पष्ट हुनेछन् । कुनै कागजातमा अस्पष्टता वा भिन्नता देखिन आएमा यस प्रतिष्ठानले आपूर्तिकर्तालाई आवश्यक निर्देशन दिन सक्नेछ र कागजातहरुको प्राथमिकता खरिद सम्झौतामा उल्लेख गरिएको क्रम अनुसार हुनेछ । |
| १.४ लागू हुने कानून | यस खरिद सम्झौताको प्रकृयामा नेपालको कानून लागू हुनेछ । |
| | १.५.१ कुनै पनि पक्षले कुनै किसिमको सूचना वा निर्देशन लिने दिने वा अन्य संचार प्रकृया सम्बन्धमा अन्यथा व्यवस्था भएकोमा वाहेक नेपाली भाषामा लिखित रुपमा गर्नु |

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

| | |
|---|---|
| १.५ पत्र व्यवहार वा संचार | पर्नेछ र त्यस्तो सूचना वा निर्देशन लिने दिने कार्यमा बिना कारण रोकिने वा ढिलाई गरिने छैन । |
| | १.५.२ कुनै सूचना पठाँउदा त्यस्तो सूचना पाउने बोलपत्रदाताको ठेगाना पत्ता नलागि वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको अवस्थामा सो विषयको संक्षिप्त विवरण उल्लेख गरी राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा सार्वजनिक सूचना प्रकाशित भएकोमा त्यस्तो व्यक्ति वा पक्षले रीतपूर्वक सूचना पाएको मानिनेछ । |
| १.६ कानूनी दायित्व | आपूर्तिकर्ताले कार्य सम्पादन गर्दा नेपालको प्रचलित कानून पालना गर्नु पर्नेछ । क्याटरिङ सेवा सन्चालन गरी  कार्यक्रम सन्चालन भएका प्रत्येक दिन बिहान नास्ता, दिउसो खाना र अपरान्ह खाजा आपूर्ति गर्दा लाग्ने मूल्य अभिबृद्धि कर बाहेकका सवै शुल्क तथा दस्तुर (कर) बुझाउनु पर्नेछ । |
| १.७ भाषा | यो खरिद सम्झौता अन्तर्गत प्रयोग हुने भाषा नेपाली हुनेछ । |
| १.८ सूचनाको आदान प्रदान | क्याटरिङ्ग सेवा सन्चालन गरी  नास्ता, खाना र खाजा  आपूर्ति सम्बन्धि खरिद सम्झौता कार्यान्वयनका क्रममा सूचना आदान प्रदान गर्ने प्रयोजनको लागि यस प्रतिष्ठान र आपूर्तिकर्ताको ठेगाना खरिद सम्झौताको विशेष शर्तमा उल्लेख भए बमोजिम हुनेछ । |
| २.यस प्रतिष्ठानलाई सुरक्षित राख्नुपर्ने | यस सम्झौता बमोजिम आपूर्ति हुने नास्ता, खाना र खाजा सम्बन्धी सामानको उत्पादनमा रहेको एकलौटी अधिकार, व्यापारिक चिन्ह वा औद्योगिक डिजाइनको अधिकार आदिका सम्बन्धमा तेस्रो पक्षबाट हुने जुनसुकै दावीबाट आपूर्तिकर्ताले यस प्रतिष्ठानलाई सुरक्षित राख्नु पर्नेछ । |
| ३ कार्य सम्पादन जमानत (Performance Security) | ३.१ बोलपत्रदाताले खरिद सम्झौता गर्नु अघि यस  प्रतिष्ठानबाट खरिद सम्झौता प्रदान गर्ने जानकारी पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र कम्तिमा १३ (तेह्) महिनाको मान्य अवधि भएको कुनै बाणिज्य बैंकबाट मान्य हुने ढाँचामा जारी भएको कार्य सम्पादन जमानत दाखिला गर्नु पर्नेछ । |
| | ३.२   क्याटरिङ सेवा सन्चालन गरी  नास्ता, खाना र खाजा आपूर्ति गर्ने काम पूरा भए पछि कार्य सम्पादन जमानत फिर्ता गर्न आपूर्तिकर्ताबाट काम पूरा गरेको व्यहोरा सहितको दावी प्राप्त भए पश्चात कार्यसम्पादन जमानत वापतको रकम फुकुवा गरिनेछ । |

| | |
|---|---|
| ४. गुणस्तरको निश्चितता र निरीक्षण तथा परीक्षण | ४.१. आपूर्ति गरिने नास्ता, खाना र खाजा सझौतामा उल्लेखित क्उभअषष्अबतष्यल बमोजिमको गुणस्तर भए नभएको निश्चित गर्न यस प्रतिष्ठानको तर्फबाट थप शुल्क नव्यहोरी आबश्यकतानुसार निरीक्षण वा जाँच गर्न पाउने अधिकार हुनेछ प्राविधिक क्उभअषष्अबतष्यल मा उल्लेख भए अनुसारको मालसामान हो भन्ने निश्चित गर्न सम्झौताको विशेष शर्तमा उल्लेखित स्थानमा निरीक्षण वा परीक्षण गर्दा आवश्यकतानुसार सबै मालसामान वा सोको नमूना छनौट गरी गुणस्तरीयता निरीक्षण वा परिक्षण गर्न सकिनेछ । |
| | ४.२ प्रत्येक पटक नास्ता, खाना र खाजा आपूर्ति हुँदा Specification अनुसार भएको सुनिश्चित गर्न हेरेर, छामेर, चाखेर, तौलेर वा प्रयोगशालामा परीक्षण गरेर गुणस्तरीयता निरीक्षण वा परिक्षण गर्न सकिनेछ । |
| | ४.३ निरीक्षण वा परीक्षणबाट अस्वीकृत नास्ता, खाना र खाजा सामग्रीहरु आपूर्तिकर्ताले तुरुन्त फिर्ता लगी सो को सट्टा Specification बमोजिमको आपूर्ति गर्नु पर्नेछ । |
| | ४.४ सम्झौता अनुसारको गुणस्तरको नास्ता, खाना र खाजा उपलब्ध नगराएको पाइएमा सम्भौता भंग समेत गर्न सकिनेछ । |
| | ४.५ निरीक्षण वा परीक्षण गर्दा यस प्रतिष्ठान र आपूर्तिकर्ता वीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद सम्झौताको सामान्य शर्तको दफा १३ को प्रकृया बमोजिम समाधान गरिने छ । |
| ५. प्याकिङ्ग | ५.१. आपूर्तिकर्ताले आपूर्ति गरिने नास्ता, खाना र खाजा खरिद सम्झौतामा अन्तिम गन्तब्य भनी उल्लेख भएको स्थानसम्म पु¥याउनका लागि पठाउने क्रममा हानी नोक्सानी नहुने र गुणस्तर नबिग्रने गरी उपयुक्त किसिमबाट प्याकिङ्ग गराउनु पर्नेछ । |
| | ५.२ मालसामान ढुवानीको क्रममा लोड अनलोड गर्न उपयुक्त तरिका नअपनाइदा, बढी तापक्रमका कारण मालसामानमा पर्ने प्रभाव, खुला ठाउँमा राख्दा पर्ने असरहरु समेतबाट बचाउने गरी प्याकिङ्गको व्यवस्था गर्नु पर्ने छ । |
| | ५.३.नास्ता, खाना र खाजाको प्याकिङ्ग गर्ने तरिका, प्याकिङ्ग भित्र र वाहिर उल्लेख गर्नुपर्ने विवरण, संकेत चिन्ह जस्ता कुराहरु आवश्यकता अनुसार उल्लेख गरिएको हुनुपर्नेछ । |

| | |
|---|---|
| ६. नास्ता खाना र खाजाको को आपूर्ति | ६.१. "क्याटरिड सेवा सन्चालन गरी आपूर्तिको आवश्यकता सम्बन्धी तालिका" मा उल्लेख भए बमोजिमको नास्ता, खाना र खाजाको आपूर्ति अभिमुखीकरण कार्यक्रम सन्चालन भएका दिन तोकिएको समयमा हुनु पर्नेछ । |
| | ६.२ गत महिना आपूर्ति गरेको नास्ता, खाना र खाजाको बिल कुनै कारणबाट भूक्तानी हुन नसकेको अवस्थामा पनि कुनै अड्चन विना नियमित रुपमा नास्ता, खाना र खाजा आपूर्ति गर्नु पर्नेछ । समयमा नास्ता, खाना र खाजाका आपूर्ति नगरेमा कालो सुचीमा राख्नको लागि प्रकृया अगाडि बढाईनेछ । |
| ७. भुक्तानीको मुद्रा | नास्ता, खाना र खाजा आपूर्तिको भुक्तानी नेपाली रुपैयाँमा गरिनेछ । |
| ८. पेश्की भुक्तानी | ८.१ खरिद सम्झौतामा हस्ताक्षर भए पश्चात आपूर्तिकर्ताले बैंक जमानत सहित पेश्की माग भएपछी खरिद सम्झौताको विशेष शर्तमा उल्लेख भए बमोजिमको पेश्की भुक्तानी गरिनेछ । |
| | ८.२ आपूर्तिकर्ताले पेश्कि माग गर्दा बोलपत्र सम्बन्धी कागजातमा दिइएको ढाँचा वा खरिदकर्तालाई स्वीकार हुने अन्य कुनै ढाँचामा पेश्कि रकम बराबरको नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त बाणिज्य बैंकबाट जारी भएको कम्तिमा सात महिना मान्य अवधि भएको बैंक जमानत सहित पेश्किमाग पत्रका आधारमा यस्तो पेश्किभुक्तानी गरिनेछ । |
| | ८.३ खरिदकर्ताले सम्झौताको सामान्य शर्तको ८.२ बमोजिम दिएको पेश्कि रकम आपूर्तिकर्ताको प्रत्येक महिनाको बिलबाट पचास प्रतिशतको हिसाबले कट्टी गरी चालू आर्थिक वर्षको अन्तसम्ममा सम्पूर्ण पेश्कि रकम असूल गरिनेछ । |
| | ८.४ आपूर्तिकर्तालाई प्रथम पटक दिएको पेश्की रकम असूल भएपछि खरिदकर्ताले आपूर्तिकर्ताबाट बोलपत्र सम्बन्धी कागजातमा दिइएको ढाँचा वा खरिदकर्तालाई स्वीकार हुने अन्य कुनै ढाँचामा पेश्कि रकम बराबरको नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त बाणिज्य बैंकबाट जारी भएको कम्तिमा सात महिना मान्य अवधि भएको बैंक जमानत सहित पेश्कि माग पत्रका आधारमा नयाँ आर्थिक वर्षको श्रावण महिनामा खरिद सम्झौताको विशेष शर्तमा उल्लेख भए बमोजिमको पेश्कि भुक्तानी गरिनेछ । |
| | ८.५ खरिदकर्ताले सम्झौताको सामान्य शर्तको दफा ८.४ बमोजिम दिएको पेश्की रकम आपूर्तिकर्ताको प्रत्येक महिनाको बिलबाट पचास प्रतिशतको हिसाबले कट्टी गरी असूल गरिनेछ । |

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

| | |
|---|---|
| | ८.६ आपूर्तिकर्ताले सम्झौताको सामान्य शर्तको दफा ८.१ र ८.४ बमोजिम दिइएको पेश्कि रकम बराबरको आबश्यक सामग्री आफ्नो गोदाममा मौज्दात राख्नु पर्नेछ । |
| | ८.७ सम्झौताको सामान्य शर्तको दफा ४.५ बमोजिम वा अन्य कुनै कारणले सम्झौता भङ्ग भएकोमा आपूर्तिकर्ताले खरिदकर्तालाई कुनै पेश्कि रकम तिर्न बाँकी भए त्यस्तो पेश्कि रकम र सो रकममा पेश्कि लिएको मिति देखि वार्षिक दश प्रतिशतका दरले हुने ब्याज समेत तिर्नु पर्नेछ । सम्झौता भङ्ग भएको मितिले तीस दिनभित्र आपूर्तिकर्ताले बाँकी पेश्कि नतिरेमा सो रकम र सो रकमको दश प्रतिशत ब्याज सहित निजवाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ । |
| ९. विलको भुक्तानी | ९.१ आपूर्तिकर्ताले  नास्ता, खाना र खाजा आपुर्ति गरे वापतको रकम भुक्तानी दावी गर्दा खरिद सम्झौतामा उल्लेखित मूल्य भन्दा फरक हुनु हुँदैन । |
| | ९.२ नास्ता, खाना र खाजा खरिद सम्झौता बमोजिम आपूर्ति भई यस प्रतिष्ठानले स्वीकार गरे पछि आपूर्तिकर्तालाई विलको भुक्तानी साधारणतया एक महिना भित्र यस प्रतिष्ठानले गर्नेछ । |
| १०. खरिदको आदेशमा परिवर्तन | यस प्रतिष्ठानले आवश्यकताको तालिकामा परिवर्तन गर्न चाहेमा यस्तो परिवर्तन खरिद सम्झौता बमोजिमको बिशेष शर्तमा उल्लेख भए बमोजिम हुनेछ । |
| ११. क्षतिपूर्ति | खरिद सम्झौतामा उल्लेखित समयावधिभित्र आपूर्तिकर्ताले केही वा सबै मालसामान आपूर्ति गर्न असफल भएमा यस प्रतिष्ठानले बजार खरिद गरी नास्ता, खाना र खाजा आपूर्ति गर्न सक्नेछ । यसरी बजार खरिद गर्दा लागेको बढी खर्च रकम आपूर्तिकर्ताबाट असूल उपर गरिनेछ । बढी खर्च हुने रकम दश प्रतिशत भन्दा बढी भएमा खरिद सम्झौता समाप्त गर्न सकिनेछ । |
| १२. नयाँ खरिद व्यवस्था हुन नसक्दाको अवस्थामा सेवा आपूर्ति गर्नु पर्ने | क्याटरीङ्ग सेवा सन्चालन कार्यको सम्झौतामा जुनसुकै कुरा भएको भएता पनि दोश्रो पक्षको सेवा सन्तोषजनक भएको अबस्थामा लागतमा बृद्धि नहुने भइ ठेक्का बन्दोबस्त नभएको अबस्थामा वा कुनै कारणले ठेक्का बन्दोबस्त भइ समयमा सम्झौता हुन नसकेमा सोहि मूल्यमा नै अर्का ठेक्का बन्दोबस्त नभएसम्म क्याटरीङ्ग सेवा सन्चालन गरी सेवा आपूर्ति गर्नु पर्नेछ । सोका लागि म्याद थपको व्यवस्था हुनेछ । म्याद थपको अवधि ४२ हजार जना प्रशिक्षार्थि संख्यालाइ सेवा उपलब्ध नगराए सम्म हुन सक्नेछ । |
| १३. विवाद समाधान | १३.१. खरिद सम्झौता कार्यान्वयनको क्रममा यस प्रतिष्ठान र आपूर्तिकर्ताको वीचमा विवाद वा मतभिन्नता उत्पन्न भएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५८ र |

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

| | |
|---|---|
| | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२९ बमोजिम दुवै पक्षको आपसी छलफलबाट पारस्परिक सहमतिमा विवाद समाधान गर्न अत्यधिक प्रयत्न गरिनेछ । |
| | १३.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२९ बमोजिमको प्रकृयाद्धारा खरिद सम्झौता कार्यान्वयनको बिषयमा सार्वजनिक निकाय र आपूर्तिकर्ता बिच उत्पन्न भएको बिवाद आपसी सहमतीबाट समाधान हुन नसकेमा प्रचलित कानुन बमोजिम मध्यस्थको माध्यमबाट त्यस्तो बिवाद समाधान गर्ने कार्वाही शुरु गर्नु पर्नेछ । |
| १४. सम्झौताको समासी | आपूर्तिकर्ताले खरिद सम्झौता बमोजिम कार्यसम्पादन नगरेमा सम्झौता अन्त्य गर्न सकिने छ । आपूर्तिकर्ताले काम नगरेको कारणबाट सम्झौताको अन्त हुँदा कार्य सम्पादन जमानत बापत राखिएको रकम जफत गरिने छ । खरिद सम्झौता बमोजिमको काम गराउन लाग्ने थप खर्च वापतको दायित्व आपूर्तिकर्ताले व्यहोर्नु पर्नेछ । |
| १५. मूल्य समायोजन | क्याटरिङ्ग सेवा सन्चालन कार्यको खरिदमा मूल्य समायोजन हुने छैन । |
| १६. कर तथा शुल्क | नेपाल सरकारले लगाएका मूल्य अभिबृद्धि कर बाहेकका सबै किसिमका कर, शुल्क, इजाजत दस्तुर आदिका सम्बन्धमा आपूर्तिकर्ता पूर्ण रुपमा जिम्मेवार हुनेछ । |
| १७. कालो सूचीमा राख्न सकिने | १७.१ देहायको अबस्थामा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन प्रतिष्ठानले एक देखि तीन वर्षसम्म कालो सूचिमा राख्न सक्नेछ:<br>(क) बोलपत्रदातालाई निर्देशनको दफा ३२ बमोजिमको आचरण विपरित काम गरेको प्रमाणित भएमा,<br>(ख) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,<br>(ग) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौज्दारी कसुरमा अदालतबाट दोषी ठहरिएमा,<br>(घ) योग्यता ढाँटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा । |
| | १७.२ कालोसूचीमा राखिएको बोलपत्रदाताले कालो सूचीमा रहेको अवधिसम्म सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन सक्ने छैन । |

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

# खण्ड ६

## सम्झौताका विशेष शर्तहरू

| दफा | दफा नं. | विशेष शर्तहरू |
|---|---|---|
| परिभाषा | १.१ | प्रतिष्ठानको विवरणः<br>नामः राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैंसेपाटी, ललितपुर |
| | १.२ | आपूर्तिकर्ताको विवरणः<br>नामः |
| | १.३ | सम्झौता प्रारम्भ हुने मितिः<br>ठेक्का बन्दोवस्तको प्रकृया पुरा भई सम्झौता भएको मितिदेखि । |
| सूचनाको आदान प्रदान | २.१ | प्रतिष्ठानको ठेगानाः<br>ठेगानाः भैंसेपाटी, ललितपुर ।<br>फोन नं.: ०१-५५९०८९४<br>इमेल ठेगानाः info@vstda.gov.np |
| | २.२ | आपूर्तिकर्ताको ठेगानाः<br>ठेगानाः<br>फोन नं:<br>इमेल ठेगानाः<br>फ्याक्स नं. |
| कार्य सम्पादन जमानत | ३ | बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ (पन्ध्र) दिन भित्र सफल बोलपत्रदाताले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशत वा प्रतिष्ठानले तोकेको प्रतिशत (मू. अ. कर सहित) ले हुने रकमको कुनै वाणिज्य बैंकवाट जारी भई कम्तिमा तेह (१३) महिना मान्य अवधि भएको कार्य सम्पादन जमानत (Performance Security) यस प्रतिष्ठान समक्ष पेश गरी सम्झौता गरिसक्नु पर्नेछ ।<br>क) बोलपत्र स्वीकृत रकम स्वीकृत लागत अनुमान भन्दा पन्ध्र प्रतिशत सम्म कम भएमा पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटी भएमा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी प्रस्ताब गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम बोलपत्र स्वीकृत रकमको पाँच प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत वापतको रकम कायम हुनेछ ।<br>ख) स्वीकृत बोलपत्र रकम स्वीकृत लागत अनुमान भन्दा १५ प्रतिशत कम भएमा कार्य सम्पादन जमानत रकम निम्न बमोजिम गणना हुनेछ । |

नेपाल सरकार
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

| | | |
|---|---|---|
| | | कार्यसम्पादन जमानत=[(०.८५x लागत अनुमान - कबोल रकम)x०.५]+कबोल रकमको ५ प्रतिशत (बोलपत्र स्विकृत रकम र लागत अनुमानमा मूल्य अभिबृद्धि कर समाबेश गरिएको हुनु पर्नेछ ।) |
| गुणस्तरको निश्चितता र निरीक्षण तथा परीक्षण | ४ | नास्ता, खाना र खाजाको गुणस्तर परीक्षण हुने स्थानको नाम र ठेगानाः राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैंसेपाटी, ललितपुर |
| पेश्की भुक्तानी | ५.१ | पेश्की दिने ब्यवस्थाः उपलब्ध नगराइने। |
| | ५.२ | दोश्रो पटक पेश्की दिने ब्यवस्थाः मूल्य अभिबृद्धि कर बाहेकको सम्झौता रकमको अधिकतम १० प्रतिशतसम्म कम्तीमा ७ महिना मान्य अवधीको "क" बर्गको बाणिज्य बैंकबाट जारी भएको जमानत लिइ दिन सक्नेछ । |
| खरिदको आदेशमा परिवर्तन | ६. | इ.पि.एस. प्रणाली मार्फत कोरिया जाने कामदारहरुले कोरियन भाषा उतिर्ण गरी शिप परिक्षण समेत उतिर्ण गरे पश्चात रोष्टरमा रहेका कामदारहरुको रोजगारदातासंग भएको सम्झौताका आधारमा मात्र अभिमुखिकरण कार्यक्रम सन्चालन गरिने भएकोले कार्यक्रममा सहभागि हुने प्रशिक्षार्थीहरुको सख्या एकिन गर्न नसकिने भएका कारण अनुमानित संख्या राखिएकोले उक्त संख्यामा थप घट हुन सक्ने भएकोले जतिसुकै संख्या थप घट भए पनि सम्झौता मूल्यमा नै क्याटरीङ्ग सेवा सन्चालन गरी सेवा आपूर्ति गर्न सन्चालक बाध्य हुनेछ । |
| बोलपत्रको मूल्याङ्कन | ७ | क) बोलपत्रदाताको ग्राह्यता पूरा भएको बोलपत्रलाइ मात्र मूल्याङ्कनमा समावेश गरिने छ । |
| | | ख) बोलपत्रदाताको योग्यता पूरा नभएमा मूल्याङ्कनमा समावेश नगरिनुको साथै घटि रकम बोलकबोल गरेका आधारमा मात्र बोलपत्र प्रभावग्राही मानिने छैन । बोलपत्रदाताको ग्राह्यता एवं योग्यता पूरा भएको अवस्थामा मात्र घटी रकम बोलकबोल गरेको बोलपत्रलाइ मात्र प्रभावग्राही मानी मूल्याङ्कन गरिनेछ । |

# खण्ड ७

## नास्ता, खाना र खाजाको स्पेशिफिकेशन

| क सं | बिवरण | इकाई | परिमाण | पटक | स्पेशिफिकेशन | कैफियत |
|---|---|---|---|---|---|---|
| बिहानको नास्ता प्रयोजनका लागि ( चिया।कफी सहित ४ वटा आइटमको सेट अनुसार तोकिए बमोजिम प्रत्येक दिन प्रति व्यक्ति खुवाउनु पर्ने ) | | | | | | |
| १ | फ्राइ चना वा पाउरोटी | प्लेट | १ | विकल्प मध्ये एउटा सबै दिन | पाउरोटी ४ पिस | ४ वटा आइटमको एक सेटको तयारी सामग्री |
| २ | अण्डा / केरा वा हलुवा | गोटा वा प्लेट | १ | विकल्प मध्ये एउटा सबै दिन | अण्डा १ / केरा १ ओटा (भेजिटेरियनका लागि) । हलुवा १ प्लेट | |
| ३ | स्याउ वा केरा वा सुन्तला | गोटा | १ | विकल्प मध्ये एउटा सबै दिन | स्याउ वा केरा वा सुन्तला १ ओटा | |
| ४ | चिया/कफी | कप | १ | सबैदिन | कागजको ग्लासमा १५० एम.एल | |
| दिउँसोको खाजाको प्रयोजनका लागि (८ वटा आइटमको एक सेट) खाना।पुलाउको सेट तोकिएको दिनमा दाल, तरकारी र डेजर्टको विकल्प समेत तयार गरेर प्रत्येक दिन प्रति व्यक्ति खुवाउनु पर्ने | | | | | | |
| १ | सादा खाना ।जिरा राइस । प्लेन पुलाउ | प्रति व्यक्ति | पेट भर | विकल्पको एउटा सबै दिन | लङ्गरेङ्ग चामल | ८ वटा आइटमको एक सेटको तयारी सामग्री |
| २ | दाल | | | विकल्प मध्ये एउटा सबै दिन | झानेको दालको विकल्प अनुसार | |
| ३ | हरियो साग | | | सबै दिन | सिजन अनुसार रायो पालुङ्गो चम्सुर वा तोरीको साग इत्यादी | |
| ४ | तरकारी | | | विकल्प मध्ये एउटा सबै दिन | तरकारीको विकल्प अनुसार | |
| ५ | अचार | | | सबै दिन | मिक्स् अचार सिजन अनुसार फरक फरक हुने गरी | |
| ६ | पापड/प्राउन | | | सबै दिन | फ्राइ गरेको | |
| ७ | ग्रीन सलाद | | | सबै दिन | गाजर/मुला/काक्रो/सिजन अनुसारको | |
| ८ | डेजर्ट | | | विकल्प मध्ये एउटा सबै दिन | डेजर्टको विकल्प अनुसार | |
| २ | दालको विकल्प | | | | | |
| २.१ | कालो मासको दाल | | | हप्तामा एक दिन | झानेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.२ | मुसुरको दाल | | | हप्तामा एक दिन | झानेको | |
| २.३ | मिक्स दाल | | | हप्तामा एक दिन | झानेको | |
| २.४ | रहर वा चना दाल | | | हप्तामा एक दिन | चना दाल फ्राइ | |
| २.५ | राजमा दाल | | | हप्तामा एक दिन | राजमा मसला | |
| ४ | तरकारीको विकल्प | | | | | |
| ४.१ | चिकन करी | १ कचौरा | २०० ग्राम | हप्तामा एक दिन | नन् भेजिटेरियनका लागि ग्रेभी सहित | |
| | मशरूम करि | | | हप्तामा एक दिन | भेजिटेरियनका लागि ग्रेभी सहित | |
| ४.२ | मटनकरी | १ कचौरा | २०० ग्राम | हप्तामा एक दिन | नन् भेजिटेरियनका लागि ग्रेभी सहित | |
| | मटरपनिर | | | हप्तामा एक दिन | भेजिटेरियनका लागि ग्रेभी सहित | |
| ४.३ | मिक्स भेजिटेबल | | | हप्तामा एक दिन | सिजन अनुसार | |
| ४.४ | माछा करी | १ कचौरा | २०० ग्राम | हप्तामा एक दिन | नन् भेजिटेरियनका लागि ग्रेभी सहित | |
| | मशरूम करी | | | हप्तामा एक दिन | भेजिटेरियनका लागि ग्रेभी सहित | |
| ४.५ | मिक्स भेजिटेबल | | | हप्तामा एक दिन | सिजन अनुसार | |
| ८ | डेजर्टको विकल्प | | | | | |
| ८.१ | दही जेरी | १ प्लेट | | हप्तामा एक दिन | १ वटा जेरी र १०० एम एल दही | |
| ८.२ | गाजरको हलुवा | १ प्लेट | १०० ग्राम | हप्तामा एक दिन | ड्राइ फुर्ट मिसाएको | |
| ८.३ | लालमोहन र दही | १ प्लेट | | हप्तामा एक दिन | १ वटा लालमोन र १०० एम एल दही | |
| ८.४ | आइसक्रिम (जाडोमा मंसिर देखि फागुन सम्म गाजरको हलुवा १०० ग्राम) | १ स्कुप | | हप्तामा एक दिन | १ स्कुप कोन साहित | |
| ८.५ | फ्रुट सलाद | १ प्लेट | | हप्तामा एक दिन | काटेको फलफुल ५० ग्राम १०० एम एल दही | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दिउँसोको खाजाको प्रयोजनका लागि (चिया।कफी सहित ३ वटा आइटमको सेट अनुसार तोकिए बमोजिम प्रत्येक दिन प्रति व्यक्ति खुवाउनु पर्ने) | | | | | | |
| १ | नान रोटी का साथ झोल तरकारी | पिस | २ पिस र १५० एम.एल | हप्तामा एक दिन | तन्दुरी नान रोटि र गेडागुडी र आलुको झोल तरकारी | चिया वा कफी सहित ३ वटा आइटमको एक सेटको तयारी सामग्रीको मूल्य एकमुष्ठ उल्लेख गर्ने । |
| २ | खिर का साथ आलु फ्राई | प्लेट | १ | हप्तामा एक दिन | २०० ग्राम खिर ड्राइफुर्ट सहित | |
| ३ | दही चिउरा (चिनी ऐच्छिक) र अचार अथवा चिसो मौसममा दही र अचारको सट्टा ग्रेभी तरकारी | प्लेट | चिउरा ६० ग्राम दही १०० एम्.एल् | हप्तामा एक दिन | ताइचनको चिउरा र दही डिडिसीको तथा आलुसँग मिक्स अचार | |
| ४ | समोसा का साथ झोल तरकारी | गोटा | २ पिस र १५० एम.एल | हप्तामा एक दिन | समोसा २ बटा र चटनी साथमा गेडागुडी र आलुको झोल तरकारी | |
| ५ | पुरीका साथ झोल तरकारी | पिस | ४ पिस र १५० एम.एल | हप्तामा एक दिन | ४ पिस पुरी | |
| ६ | चिया/कफी | कप | १ | सबै दिन (दैनिक) | कागजको ग्लासमा १५० एम.एल | |
| कोरियन खाना सेट प्रत्येक शुक्रबार प्रतिव्यक्ति खुवाउनु पर्ने | | | | | | |
| १ | Jayuk bokkeum | प्रति व्यक्ति | पेटभर | शुक्रबार | Pork Belly/chicken Bulgogi 100 g (BBQ) Per Person With Korean Rice & Kimchi or Dhengang Soup<br>Side Dishes are : Spinach muchim, cucumber muchim, kimchi, kaktokki, tofu, beans sprout, samjang, Garlic, chilly,sangchu per table | कोरियन खाना सेट* |
| *कोरियन खाना सेटमा साइड डिस ६ प्रकारको र सुप २ प्रकारको हुनु पर्नेछ । | | | | | | |
| कोरियनको खाजा सेट प्रत्येक शुक्रबार प्रतिव्यक्ति खुवाउनु पर्ने | | | | | | |
| १ | कोरियन राम्यन | कचौरा | १ | हप्तामा एक दिन | २ पाकेट चाउचाउ ३ जनाको लागि र किम्ची | दुई आइटमको सेट |
| २ | चिया/कफी | कप | १ | | कागजको ग्लासमा १५० एम.एल | |
| सहभागीहरूलाई नास्ता, खाना र खाजाको समयमा प्रशस्त पुग्ने गरी जारको पिउने पानी उपलब्ध गराउनु पर्ने छ । | | | | | | |

# नास्ता खाना र खाजामा प्रयोग हुने केही सामाग्रीहरूको गुणस्तर

नास्ता खाना र खाजामा प्रयोग हुने केही सामाग्रीहरूको गुणस्तर

| क्र. सं. | सामानको नाम | गुणस्तर |
|---|---|---|
| १ | चामल | • लङ्गरेङ्ग चामल/जिरामसिनो/बास्मती गुणस्तरको<br>• बालुवा, ढुंगा, माटो, धुलो, भुस, चोक्कर अखाद्यवस्तु नमिसिएको ।<br>• घुन, किरा, चिल्सा आदि नलागेको ।<br>• फूल ग्रेडिङ युक्त ताजा उत्पादन स्थान र मिति खुलेको ।<br>• Moisture content % 103 ± 2 डिग्रीमा ३ घण्टासम्म तताउदा १६.०५ नबडेको हुनुपर्नेछ। क्षतिग्रस्त दाना (Damaged Karnel) नमिसाएको हुनुपर्ने र क्षतिग्रस्त दाना नेपाल सरकारले तोकेभन्दा बढि नभएको हुनुपर्नेछ।<br>• Grain Bulk Density नेपाल सरकारले तोकेबमोजिमको हुनुपर्नेछ।<br>• माईक्रो टक्सिन (अफ्ला टक्सिन सहित) को उपस्थिति २० माईक्रो ग्राम प्रति किलोग्राम (PPM) मा नबडेको हुनुपर्नेछ।<br>• नेपाल सरकार द्वारा मान्यता प्राप्त उद्योग वा कम्पनीबाट उत्पादित हुनुपर्नेछ। |
| २ | दाल | • मुग छाँट। कालो मास। मुसुरो। रहरको दाल वा मिक्स दाल (सिजन अनुसार)<br>• राम्रो स्वच्छ, सफा दानादार र ताजा उत्पादन मिति र स्थान खुलेको पोलिस नगरिएको तथा अखाद्य र बोक्राहरू समेत मिसावट नभएको ।<br>• सुकेको, किरा नलागेको, राम्रोसँग पाक्ने आयातित जस्तै नपाक्ने अन्य हानिकारक अखाद्य बस्तु हुन नहुने ।<br>• Moisture content १४ % नबढेको हुनुपर्नेछ।<br>• Grain Bulk Denisity नेपाल सरकारले तोकेबमोजिमको हुनुपर्नेछ।<br>• माईक्रो टक्सिन (अफ्ला टक्सिन सहित) को उपस्थिति २० माईक्रो ग्राम प्रति किलोग्राम (PPM) मा नबडेको हुनुपर्नेछ।<br>• नेपाल सरकार द्वारा मान्यता प्राप्त उद्योग वा कम्पनीबाट उत्पादित हुनुपर्नेछ। |
| ३ | हरियो तरकारी | • खान नहुने पदार्थ पात, डाँठ आदि केलाएको हुनुपर्ने ।<br>• नकुहिएको र सडेगलेको नभएको हुनुपर्ने ।<br>• सिजन अनुसारको हुनुपर्ने ।<br>• किरा नलागेको, सफा ताजा नओईलाएको हुनुपर्ने । |
| ४ | फलफूल | • मौसम अनुसारको नसडेको,पाकेको,अमिलो नभएको ।<br>• नकुहिएको, नबिग्रिएको, ताजा र किरा नलागेको हुनुपर्ने ।<br>• बिषादी,रङ आदि नमिसिएको । |
| ५ | खसीको मासु | • जिउँदो स्वस्थ्य काटिएको खसीको(टाउको, खुट्टा, आन्द्रा,भूँडी, कलेजो, फोक्सो, मृगौला, छाला र बोसो बाहेकको) सफा ताजा फल मासु ।<br>• मुखमा घाउ खटिरा नआएको, गल्फुलो र खोरेत नलागेको शरिरमा कुनै चोटपटक र गिर्खा नभएको, नझोक्राएको स्वस्थ्य खसीको मासु हुनुपर्ने छ । |
| ६ | कुखुराको मासु | • जिउँदो स्वस्थ कुखुराको टाउको, खुट्टा, कलेजो, फोक्सो,छाला,बोसो बाहेकको सफा ताजा मासु । |
| ७ | कुखुराको अण्डा | • नबिग्रिएको, रातो फुल(अण्डा) र तौल ५० ग्राम भन्दा बढीको हुनुपर्ने । |

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
राष्ट्रिय व्यावसायिक प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

| | | |
|---|---|---|
| ८ | मसला सम्मिश्रण | • **सम्मिश्रण अनुपात**<br>**जिराः** फलामको धुलो, अन्य किसिमको धुलो,कसिँगर, माटो,डाँठ,पराल नमिसाइएको पोटिलो दाना भएको,बास्नादार, राम्ररी केलाइएको सफा र ताजा<br>लसूनः नफोस्रिएको, नकुहिएको,सुकेको, टुसा नआएको,पोटी लसुन<br>खुर्सानीः सुकेको, सग्लो, डाँठ नमिसिएको, रङ नउडेको, रातो अखाद्य पदार्थ नमिसिएको, ताजा ।<br>बेसारको धुलोः मिसावट नभएको, राम्रो पिसेको मसिनो धुलो ।<br>धनियाँ दानाः धुलो, कसिँगर, माटो नमिसिएको सग्लो गेडा बास्नादार भएको ।<br>अदुवाः ताजा, किराले नखाएको,टाँसिएको ढुङ्गा माटो पखाली सुकाएको, नकुहिएको र नफोस्रिएको ।<br>मरिचः सुकाएको, नकुहिएको, अन्य अखाद्य पदार्थ र कसिँगर नमिसिएको हुनुपर्ने ।<br>मेथीः सुकाएको, नकुहिएको, अन्य अखाद्य पदार्थ र कसिँगर नमिसिएको हुनुपर्ने । |
| ९ | खाने तेल | • दुर्गन्ध नभएको, बास्नादार, स्वच्छ सफा, उत्पादन मिति र स्थान खुलेको, नेपाल सरकारद्वारा इजाजत प्राप्त उद्योग वा कम्पनीबाट उत्पादित ।<br>• पानी छुट्टीने गरी जलांश हुनु नहुने ।<br>• उत्पादक कम्पनीबाटै सिलबन्दी भएको नेपाल सरकारले तोकेको गुणस्तर मापदण्ड भित्र परेको, अखाद्य पदार्थ मिसावट नभएको हुनु पर्ने । |
| १० | DDC दुध | • घोल्दा तरल हुनुपर्ने, सिलबन्दी हुनुपर्ने, नेपाल सरकारले तोकेको गुणस्तर मापदण्ड भित्र हुनुपर्ने ।<br>• दुधको चिल्लो कम्तीमा ८.०% हुनुपर्ने (घटीबढी १.५%)<br>• चिल्लो सहित ठोस पदार्थ कम्तीमा ३१.० प्रतिशत हुनुपर्ने(घटीबढी ३.५%)<br>• चिनीको मात्रा कम्तीमा ४० प्रतिशत हुनुपर्ने ।(घटीबढी ५%)<br>• बनस्पतीजन्य चिल्लो पदार्थ बाहेकको हुनुपर्ने । |
| ११ | पाउरोटी | • कृष्ण/नाङ्लो/मावा वा सोसरह २५-३०ग्राम तौल भएको हुनुपर्ने ।<br>• सफा, ताजा र अखाद्य पदार्थ नमिसिएको, नओसिएको,उत्पादन मिति र स्थान खुलेको हुनुपर्ने । |
| १२ | माछा | • जिउँदो ताजा हुनुपर्ने । |
| १३ | मिठाई | • ताजा सफा र गुणस्तरीय हुनुपर्ने । |
| १४ | दही | • डिडिसि वा सोसरहको हुनुपर्ने । |
| १५ | मसरूप | • ताजा र राम्रोसँग केलाएर सफा गरिएको । |
| १६ | सलाद | • सिजन अनुसारको राम्रोसँग पिउने पानीले सफा गरिएको हुनुपर्ने । |
| १७ | पिउने पानी | • अक्वा हन्ड्रेड वा सो सरह। |

<u>नोटः</u> आपुर्ति हुने नास्ता, खाना र खाजा सामग्रीको **गुणस्तर परीक्षण** गराउन सकिनेछ ।गुणस्तर परीक्षण गराउँदा नेपाल सरकारले तोकेको गुणस्तरको मापदण्ड पुरा भएको हुनु पर्ने छ ।प्रतिष्ठान वा अख्तियार प्राप्त निकायबाट आवश्यक ठानेको जुनसुकै समयमा खाद्य गुणस्तर परीक्षण गर्न गराउन सक्नेछ ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

# खण्ड ८

## नास्ता, खाना र खाजाको आवश्यकता सम्बन्धी विवरण

नास्ता, खाना र खाजाको आवश्यकता सम्बन्धी तालिका

| सि नं | विवरण | प्राविधिक विवरण | इकाइ | अनुमानित बार्षिक परिमाण |
|---|---|---|---|---|
| १. | बिहानको नास्ता, दिउसोको खाना र अपरान्हको खाजा | खण्ड ७ को स्पेशिफिकेसनमा उल्लेख भए बमोजिम । | प्रति ब्यक्ति प्रति दिन (प्याकेज) | प्रति हप्ता ६ दिनका लागि प्रशिक्षार्थि ६६२० जना र संलग्न हुने प्रशिक्षक एवं कर्मचारीहरु थप हुने समेतको संख्या......... |

अन्य शर्तहरू

क) नास्ता, खाना र खाजा आपूर्ति सम्बन्धि थप शर्तहरु

१. नास्ता, खाना र खाजा आपूर्ति गर्ने स्थानः राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैसेपाटी,ललितपुर

२. बार्षिक सहभागी संख्या अनुमानित ........ जना

३. नास्ता, खाना र खाजा आपूर्ति गर्नका लागि आबश्यक पर्ने कुर्सी, टेबल, आबश्यक भाडाकुडा ग्यास, खानेपानी, चिया र पानी पिउनका लागि आबश्यक कागजको ग्लास लगायतका सम्पूर्ण सामग्री दोश्रो पक्षले नै ब्यबस्था गर्नु पर्नेछ । चिया र पानीका लागि अनिबार्य ग्लास प्रयोग गर्नु पर्नेछ ।

४. क्याटरिङ्ग सेवा सन्चालन भएका स्थानमा प्रयोग हुने बिजुलीको लागि सव-मिटर जडान गर्नु पर्नेछ। सोका आधारमा बिल बमोजिमको रकम दोश्रो पक्षले ब्यहोर्नु पर्नेछ ।

५. खाने स्थानमा सरसफाईमा विशेष ध्यान पुर्याउनुका साथै सफासुग्घर राख्नु पर्नेछ ।

ख) कोरियन खानाको लागि आपूर्ति सम्बन्धि थप शर्तहरु

१. कोरियन खाना खानका लागि आबश्यक पर्ने खाना खाने टेबल,चपस्टीक, काटा, चम्ची, कुर्सी समेत अनिवार्य रुपमा दोश्रो पक्षले नै ब्यबस्था गर्नु पर्नेछ ।

२. स्पेशिफिकेसन बमोजिमको खानाको परिकार क्यान्टिन भित्रै तयार गर्नु पर्नेछ ।

३. कोरियन खाना सेटमा साइड डिस ६ प्रकारको र सुप २ प्रकारको हुनु पर्नेछ ।

४. सलादमा सिजन अनुसारका काँक्रो,मूला,गाँजर तथा साग, प्याज, लसुन, कोरियन मसला अनिबार्य हुनु पर्नेछ ।

## खण्ड ९

# बोलपत्र दाखिला विवरण तथा नास्ता, खाना र खाजाको परिमाण सहितको मूल्यसूची

## (क) बोलपत्र पेश गरेको निबेदन

(बोलपत्रदाता फर्म संस्था वा कम्पनीको छाप)

मितिः .......................

श्री.......................

.................................... ।

महासय,

हामीले बोलपत्र सम्बन्धी कागजातमा समाबेश भएका कागजातहरु अध्ययन गर्यौं । प्रस्तुत नास्ता, खाना र खाजा आपूर्ति सम्बन्धी काम रु. ......................................................(अंकमा) .................................................(अक्षरमा) मा अथवा नास्ता, खाना र खाजाको परिमाण सहितको मूल्यसूचि अनुसार यस प्रतिष्ठानबाट ठहर भएको रकममा गर्न हाम्रो मन्जुरी भएकोले यो बोलपत्र पेश गरेका छौं । यो वोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२०(एक सय बीस) दिन रहने छ । यो वोलपत्र र त्यस प्रतिष्ठानबाट दिईएको बोलपत्र स्वीकृतिको पत्रले हामी दुई सम्झौता गर्न बाध्य हुनेछौं ।

हाम्रो बोलपत्र स्वीकृत भएमा हामी आपूर्ति तालिका बमोजिम राशन सम्बन्धी सामान आपूर्ति गर्ने जिम्मा लिनुका साथै कार्यसम्पादन गर्ने सुनिश्चतता स्वरुप सम्झौता मूल्यको ५ प्रतिशत (मु.अ.कर सहित) रकम बराबरको कार्यसम्पादन जमानत त्यस प्रतिष्ठानले माग गरे अनुसारको ढाँचामा उपलब्ध गराउने छौं ।

प्रस्तुत कामको लागि सवैभन्दा घटी कबोल गर्ने वा कुनै पनि बोलपत्रदाताको बोलपत्र स्विकृत गर्न त्यस प्रतिष्ठान बाध्य नभएको कुरा हामीले बुझेका छौं ।

हामी खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको घोषणा गर्दछौं ।

यसैसाथ संलग्न भएको फेहरिस्त बमोजिमका कागजातहरु बोलपत्रसाथ पेश गरेका छौं ।

भवदिय

हस्ताक्षरः..................................

फर्म, संस्था वा कम्पनीको तर्फबाट

हस्ताक्षर गर्ने आधिकारीक व्यक्तिको

नामः .......................................

पद .......... ..............................

बोलपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको

नामः.......................................

छापः

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

## (ख) नास्ता, खाना र खाजाको परिमाण सहितको मूल्यसूची

| सि नं | विवरण | प्राविधिक विवरण | परिमाण | इकाई | प्रतिदिन प्रति व्यक्ति एकमुष्ठ दर (VATबाहेक) रूपयाँ | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | |
| १. | विहानको नास्ता, दिउँसोको खाना(नेपाली) र अपरान्हको खाजा | खण्ड ७ को स्पेशिफिकेशनमा उल्लेख भए बमोजिम । | ३३१०० | प्रति ब्यक्ति प्रति दिन (प्याकेज) | | | |
| २. | विहानको नास्ता, दिउँसोको खाना(कोरियन) र अपरान्हको खाजा | खण्ड ७ को स्पेशिफिकेशनमा उल्लेख भए बमोजिम । | ६६२० | प्रति ब्यक्ति प्रति दिन (प्याकेज) | | | |
| ३. | मूल्य अभिवृद्धि (VAT) | | | | | | |
| ४. | कूल जम्मा | | | | | | |

नोटः १.एकाई दरमा सबै भन्सार शुल्क र करहरु (भ्याट बाहेक), अन्तिम गन्तब्य सम्मको ढुवानी र बीमा खर्च समाबेश भएको हुनुपर्नेछ ।

२.सहभागी संख्या अनुमानित ३९७२० जनाको प्रति ब्यक्ति प्रति दिनको भ्याट बाहेकको बोलकबोल दर रकमले गुणन गर्दा हुने रकम कुल बोलकबोल रकम कायम गरिनेछ ।

## जमानत फारामहरु

### (क)बोलपत्र जमानत

मितिः .............

श्री राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी ललितपुर ।

श्री ....................... [बोलपत्रदाताको नाम] ले (जसलाई यसपछि "बोलपत्रदाता" भनिनेछ) मिति ........................मा ........[खरिद सम्झौताको नाम]को क्याटरिड सेवा सन्चालन सम्बन्धि कार्य गर्नको निमित्त बोलपत्र पेश गरेको छ ।हामी .................. [वैंकको नाम, ठेगान] (जसलाई यसपछि "बैंक" भनिनेछ) जमानीको रुपमा पूर्ण उत्तरदायीत्व वहन गर्ने गरी श्री राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैंसेपाटी, ललितपुरबाट दावी पत्र प्राप्त हुनासाथ त्यस प्रतिष्ठानलाइ रु........... (अंकमा) .......................................... (अक्षरेपी) उपलब्ध गराउने गरी जमानी वस्न मन्जुर गर्दछौं ।

यो लिखित जमानीपत्रका निम्न शर्तहरु हुनेछन्:

(१)बोलपत्र खोलिसकेपछि वोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको वोलपत्रको मान्य अवधि अगावै वोलपत्रदाताले आफ्नो बोलपत्र फिर्ता लिएमा, वा

(२)वोलपत्रको मान्य अवधि अगावै त्यस प्रतिष्ठानले वोलपत्रदातालाई वोलपत्र स्वीकार गरेको सूचना दिएकोमाः

(क)वोलपत्रदातालाई निर्देशनमा उल्लेख भए बमोजिम खरिद सम्झौता गर्न नसकेमा वा अस्वीकार गरेमा वा,

(ख)वोलपत्रदातालाई निर्देशनमा उल्लेख भए बमोजिम कार्य सम्पादन जमानत दाखिला गर्न नसकेमा वा अस्वीकार गरेमा वा,

(ग)बोलपत्रमा भएको अंक गणितीय त्रुटीको सुधारलाई अस्वीकार गरेमा,

हामी त्यस प्रतिष्ठानबाट पहिलो लिखित दावी प्राप्त हुना साथ त्यस प्रतिष्ठानलाई माथि उल्लेखित रकमको भुक्तानी गर्नेछौं । तर त्यस प्रतिष्ठानले यो रकम दावी गर्नको लागि माथि उल्लेखित शर्तहरु मध्ये पूरा नगरेको शर्त खुलाउनु पर्नेछ ।

यो जमानतपत्रको अवधि बोलपत्र दालिखा हुने अन्तिम मिति देखि १२० दिनसम्म कायम रहनेछ । यस जमानत वापत जमानतको मान्य अवधि अगावै वैंकमा आईपुग्नु पर्नेछ ।

अधिकार प्राप्त बैंक कर्मचारीको
सहीः
वैंकको नामः
ठेगानाः

वैंकको छापः

मितिः

(ख (कार्य सम्पादन बैंक जमानत

श्री राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी ललितपुर ।

.........[आपूर्तिकर्ताको नाम ठेगाना] ले [यसपछि "आपूर्तिकर्ता" भनिनेछ] खरिद सम्झौता नं (..................) अनुरुप ....... [खरिद सम्झौताको नाम र खरिद सम्झौताको छोटकरी विवरण] [यसपछि " खरिद सम्झौता " भनिनेछ] सम्पन्न गर्ने जिम्मेवारी पाएको, र आपूर्तिकर्ताले खरिद सम्झौता बमोजिम आफ्नो दायित्व निर्वाह गर्न कार्य सम्पादन बैंक जमानत दालिखा गर्ने कर्तव्य भएको हुनाले;

हामी .......................[बैंकको नाम, ठेगान] [जसलाई यसपछि "बैंक" भनिनेछ] जमानीको रुपमा पूर्ण उत्तरदायीत्व वहन गर्ने गरी श्री राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैंसेपाटी, ललितपुरबाट प्रथम लिखित दावी पत्र प्राप्त हुनासाथ कुनै विवाद ननिकाली त्यस प्रतिष्ठानलाई रु ................ {अंकमा} ............................ {अक्षरमा} उपलब्ध गराउने गरी जमानी वस्न मन्जुर गर्दछौं ।

हामीसंग दावी गर्नु अगावै आपूर्तिकर्ताको उक्त ऋण असुली गर्न पूरा गर्नुपर्ने आवश्यकतालाई हटाउँदछौं । हामी त्यस प्रतिष्ठान र आपूर्तिकर्ता विच भएको खरिद सम्झौतामा भएका संशोधन वारे हामीलाई सूचित गर्नु पर्ने दायित्वबाट समेत छुटकारा दिन्छौं ।
यो कार्य सम्पादन बैंक जमानतको म्याद मिति ..................... गतेसम्मको लागि कायम रहनेछ ।

अधिकार प्राप्त बैंक कर्मचारीको
सहीः
बैंकको नामः
ठेगानाः
मितिः

बैंकको छापः

## (ग) पेश्की भुक्तानीको लागि वैंक जमानत

श्री राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

भैंसेपाटी ललितपुर ।

महाशय,

.....................[खरिद सम्झौताको नाम] श्री ........... ............ [आपूर्तिकर्ताको नाम तथा ठेगाना] [यसपछि "आपूर्तिकर्ता" भनिनेछ] खरिद सम्झौताका शर्तहरु भएको प्रावधान अनुसार ......... ...... ....... [खरिदकर्ताको नाम] को नाममा आफूले इमान्दारीपूर्वक सम्पादन गर्ने प्रत्याभूति दिन रु........... ....... .......(अंकमा) ........ ........ ...... ......... ......... {अक्षरमा} वैंक जमानत राख्नु पर्ने हुंदा आपूर्तिकर्ताको अनुरोध बमोजिम निजसंग पहिले दावी नगरिकनै हामी ........... ................[वैंकको नाम र ठेगान] शर्तरहित तथा अपरिवर्तनीय प्राथमिक ग्यारेण्टीको रुपमा त्यस प्रतिष्ठानको प्रथम लिखित दावी पत्र प्राप्त हुनासाथ कुनै दोष वा वाद विवाद ननिकाली श्री राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैंसेपाटी ललितपुरलाई रु ..... ............(अंकमा) .......... .................. .......... .......... ....... (अक्षरमा) उपलब्ध गराउने गरी जमानी वस्न मन्जुर गर्दछौं ।

हामी यो पनि स्विकार गर्दछौं कि त्यस प्रतिष्ठान र आपूर्तिकर्ता विच भएको सम्झौताको कागजपत्रमा कुनै संशोधन भएमा त्यसबारे आपूर्तिकर्ताले यस जमानत अन्तर्गत हामीलाई सूचित गर्नुपर्ने दायित्वबाट छुटकारा दिन्छौं ।

यो जमानतको म्याद सम्झौता अन्तरगत पेश्कि भुक्तानी भएको मितिदेखि आपूर्तिकर्ताले उक्त रकम नतिरेसम्मको लागि पूर्णरुपमा लागू हुनेछ ।

भवदिय

दस्तखत

वैंकको नामः—

छापः—

ठेगानाः—

मितिः—